ANNEX-IV

साना उद्योग प्रतिष्ठानको परिभाषा

"उद्योग प्रतिष्ठान" भन्नाले एउटै प्रशासनिक नियन्त्रणमा कुनै निश्चित स्थानमा रही उत्पादन कार्य गर्ने आर्थिक एकाईलाई बुझाउँछ । "उत्पादन कार्य" भन्नाले निर्जिव वा जैविक वस्तुलाई यान्त्रिक वा रसायनिक वा अन्य कुनै प्रक्रियाद्वारा प्रशोधन वा रुपान्तर गरी नयाँ वस्तुमा परिणत गर्ने कार्यलाई बुझाउँछ । उद्योग प्रतिष्ठानले गर्ने उत्पादन कार्यलाई नेपाल औद्योगिक व्यवसाय वर्गिकरण २०५६ (NSIC 2000) ले मुख्य खण्ड "डि" मा व्याख्या गरिएको छ ।

"साना उद्योग प्रतिष्ठान सर्वेक्षण २०६६" को प्रयोजनको लागि "नेपाल सरकारको कुनै एउटा निकायमा प्रचलित कानून बमोजिम दर्ता भएका र १० जना भन्दा कम व्यक्तिहरू संलग्न भएर सञ्चालित नेपाल औद्योगिक व्यवसाय वर्गीकरण २०५६ को मुख्य खण्ड "डि" अन्तर्गत समावेश भएका सबै उत्पादनमूलक उद्योग प्रतिष्ठानहरू" लाई "साना उद्योग प्रतिष्ठान" भनी परिभाषित गरिएको छ । यो परिभाषा अनुसार, यो सर्वेक्षणमा नेपाल सरकारका कुनै एउटा निकायमा (स्थानीय गाउँ विकास समिति वा नगरपालिकामा दर्ता भएका समेत समावेश गरिएको) दर्ता नगरीकन सञ्चालनमा रहेका उत्पादनमूलक क्रियाकलापहरूलाई समावेश गरिएको छैन ।

सर्वेक्षणको उद्देश्य

१० जना भन्दा कम व्यक्तिहरू संलग्न रहेर नेपालमा सञ्चालन भएका उद्योगहरूको वितरण (Distribution), वनौट (Structure), वृद्धि (Growth) र प्रकृति (Nature) तथा प्रवृति (Trend) सम्बन्धी अनुमानहरू गर्नको लागि ती उद्योगहरूको जम्मा संख्या, रोजगारी, इन्धनको उपयोग, कच्चापदार्थको खरिद, उत्पादन तथा बिक्री, सञ्चालन खर्च, पूँजी निर्माण, उत्पादन क्षमताको उपयोग आदि विवरणहरूको संकलन, प्रशोधन, विश्लेषण एवं व्याख्या गरेर सो को प्रकाशन गर्नु यस सर्वेक्षणको प्रमुख उद्देश्य हो ।

सन्दर्भ अवधि

"सन्दर्भ अवधि" भन्नाले उद्योग प्रतिष्ठान आफुले गरेको सम्पूर्ण आर्थिक तथा अन्य कृयाकलापहरुको एक वर्षको अवधिलाई बुझ्नुपर्दछ । "साना उद्योग सर्वेक्षण २०६६" को लागि सन्दर्भ अवधि २०६५ श्रावण १ गते देखि २०६६ आषाढ मसान्त सम्मको अवधिलाई तोकिएको छ । प्रश्नावलीमा विवरण भर्दा त्यसै अवधिको विवरण भर्नुपर्दछ ।

सन्दर्भ दिन

रोजगारी सम्बन्धी संख्यात्मक विवरण भर्ने प्रयोजनको लागि २०६५ माघ १ गतेलाई सन्दर्भ दिन तोकिएको छ । सो दिन बहाल रहेको वा कार्यरत रहेको वा सो दिनको तलब वा ज्याला प्राप्त गर्ने गरी विदामा बसेको कामदार वा कर्मचारी (तलबी वा बेतलबी) लाई उद्योग प्रतिष्ठानको कामदार वा कर्मचारीको रूपमा गणना गरी प्रश्नावलीको १.१. प्रश्नको तालिका भर्नुपर्दछ । २०६५ माघ १ गते बन्द रहेको उद्योग प्रतिष्ठानको हकमा त्यसपछि लगत्तै खुलेको दिनलाई सन्दर्भ दिनको रूपमा मानेर सोहि दिनको कर्मचारी संख्या उल्लेख गर्नुपर्दछ ।

"साना उद्योग सर्वेक्षण २०६६" को प्रश्नावलीको सामान्य परिचय

साना उद्योग प्रतिष्ठान सर्वेक्षण २०६६ को प्रश्नावलीको बाहिरी पानामा उद्योग प्रतिष्ठानको सामान्य परिचय राखिएको छ। त्यसपछि देहाय बमोजिम जम्मा १५ वटा खण्ड राखिएका छन :–

१. रोजगारी
२. इन्धनको खरिद
३. कच्चा पदार्थ खरिद
४. उत्पादन तथा बिक्री
५. अरूको कच्चापदार्थ प्रशोधन गरेर वस्तुको उत्पादन गरी सेवा शुल्क लिने उद्योगहरू
६. औद्योगिक सेवा वापतको आम्दानी र खर्च
७. मौज्दात सम्बन्धी विवरण
८. अप्रत्यक्ष कर तथा शुल्क
९. ऋण कारोबार
१०. उद्योग प्रतिष्ठानको सञ्चालन खर्च
११. अन्य प्राप्त रकम
१२. उत्पादन क्षमताको उपयोग
१३. स्थायी सम्पत्तिको विवरण
१४. वातावरण सम्बन्धी विवरण
१५. सन्दर्भ अवधिमा उद्योग प्रतिष्ठानले भोगेका मुख्य मुख्य समस्याहरू

तलका अनुच्छेदहरूमा प्रश्नावलीको बाहिरी पानाका साथै उपरोक्त खण्डहरूको बारेमा क्रमशः व्याख्या गरिएको छ।

बाहिरी पाना (Cover Page): उद्योग प्रतिष्ठानको सामान्य परिचय

फाराम नम्बर

केन्द्रीय तथ्याङ्क विभागले छनौट गरी सम्बन्धित शाखा तथ्याङ्क कार्यालयमा उपलब्ध गराएको साना उद्योगहरूको नमूना सूची (Sample List) को दोश्रो लहरमा उल्लेख भएको पाँच अंकको फाराम नम्बर यहाँ लेख्नुपर्नेछ।

१. उद्योग प्रतिष्ठानको नाम :

साना उद्योग प्रष्ठिान सर्भेक्षणमा छानिएका उद्योग प्रतिष्ठानमा गै फाराम भर्नु पर्ने हुँदा सोहि सूचीमा उल्लेख भए बमोजिमको नाम लेख्नु पर्नेछ। उद्योग प्रतिष्ठानको नाम लेख्दा छनौट सूचीमा उल्लेख भएको नाम सो उद्योगको रजिष्टर्ड गर्दा लेखिएको नाम वा साइनवोर्डमा लेखिएको नामसंग मिलेको छ छैन सो रूजू गरी नेपाली र अंग्रेजी दुबै भाषामा स्पष्ट लेख्नुपर्दछ। अंग्रेजी भाषामा लेख्दा Capital letter मा लेख्नुपर्नेछ। रूजु गर्दा नाम नमिलेमा उद्योग प्रतिष्ठानको नयाँ नाम जे छ त्यही नाम लेख्नुपर्नेछ।

२. जिल्ला :

उद्योग प्रतिष्ठान सञ्चालनमा रहेको जिल्लाको नाम उल्लेख गरी सम्बन्धित कोठामा जिल्लाको कोड लेख्नु पर्दछ। जिल्लाको कोड छनौट सूचीमा उल्लेख गरिएको छ।

३. नगरपालिका/गाउँ विकास समितिको नाम :

यहाँ उद्योग प्रतिष्ठान सञ्चालनमा रहेको नगरपालिका, उप-महानगरपालिका, महानगरपालिका वा गाउँ विकास समितिको पुरा नाम स्पष्ट खुलाइ लेख्नुपर्दछ । जस्तै : काठमाण्डौ महानगरपालिकामा सञ्चालित उद्योगको हकमा नगरपालिका/गा.वि.स.को नाम लेख्दा "काठमाण्डौ महानगरपालिका" लेख्नुपर्नेछ । यसको कोड पनि छनौट सूचीमा उल्लेख गरिएको छ । सोही बमोजिम उतार गरी लेख्नुपर्नेछ ।

४. वार्ड नं. :

उद्योग प्रतिष्ठान जुन वार्डमा सञ्चालन भईरहेको छ सोही वार्ड नं. यहाँ खुलाउनुपर्दछ

५. टोल/गाउँ :

उद्योग प्रतिष्ठान जुन टोल/गाउँमा अवस्थित छ सो टोल र गाउँको नाम यहाँ लेख्नुपर्दछ ।

६. उत्पादन शुरु भएको मिति

उद्योग प्रतिष्ठानले जहिलेदेखि उत्पादन कार्य शुरु गरेको हो सोही मिति यहाँ खुलाउनुपर्नेछ । मिति लेख्दा उत्पादन कार्य शुरू भएको साल र महिना दुवै लेख्नुपर्नेछ ।

७. फोन नं.

उद्योग प्रतिष्ठानको वा उद्यमीको वा सम्पर्क व्यक्तिको फोन नं. वा मोबाइल नम्बर सोधेर यहाँ लेख्नुपर्नेछ ।

८. उद्यमीको नाम :

उद्यमी अथवा उद्योग प्रतिष्ठान जसले सञ्चालन गरेको छ उसको नाम यहाँ उल्लेख गर्नुपर्दछ । दुई वा दुई भन्दा बढी उद्यमीहरू भएको खण्डमा उद्योग प्रतिष्ठानको दैनिक सञ्चालन गर्ने क्रममा सबै भन्दा बढी सकृय उद्यमीको नाम लेख्नुपर्दछ ।

९. उद्यमीको लिङ्ग :

यस प्रश्नको सम्बन्धित कोठामा उद्यमी पुरूष भए १ र महिला भए २ लेख्नुपर्दछ ।

१०. सन्दर्भ अवधिमा उद्योग प्रतिष्ठान कति महिना चालु रहयो ?

सन्दर्भ अवधिमा जति महिना उद्योग प्रतिष्ठान चालु रहयो, त्यति महिनालाई अंकमा लेख्नुपर्नेछ । जस्तै : सन्दर्भ अवधिमा जम्मा ५ महिना उद्योग चालु रहेको भए सम्बन्धित दुईवटा कोठामा क्रमशः ०, ५ लेख्नुपर्दछ । उद्योग प्रतिष्ठान सन्दर्भ अवधिको कुनै महिनामा १ दिन मात्रै सञ्चालन भएको रहेछ भने पनि सो महिनालाई एक महिना मानेर गणना गरी लेख्नुपर्नेछ ।

यो प्रश्नको जवाफलाई, प्रश्नावलीका प्रत्येक खण्डमा सोधिएका विवरणहरू भने बेलामा हेक्का राख्नुपर्दछ । नत्र, तलब वा ज्याला पाउने कर्मचारीलाई उद्योगले उनीहरूलाई तलब–ज्याला वापत भुक्तानी गरेको रकमको हिसाब गर्ने बेलामा कुनै रकम छुटन सक्छ । त्यसैगरी, इन्धनको वार्षिक खरिद सम्बन्धी हिसाब गर्दा यदि ५ महिना मात्र चालु अवस्थामा रहेको उद्योगको लागि १२ महिनाको परिमाण जोड गरेमा भरेको प्रश्नावलीमा १२ महिनाको इन्धन त

आउँछ तर कच्चामाल र उत्पादनको विवरण ५ महिनाको मात्र आउनसक्छ । परिणमस्वरूप, त्यो उद्योग सिधै घाटामा गएको देखिन आउँछ ।

खण्ड १२ को उत्पादन क्षमताको उपयोग सम्बन्धी प्रश्नको जवाफ भर्ने बेलामा "चालु रहेको महिना" को विवरणले ज्यादै महत्वपूर्ण भूमिका खेल्नेछ । यसलाई ख्याल गर्नुपर्दछ । यसैगरी खण्ड १० को उद्योग प्रतिष्ठानको सञ्चालन खर्च भर्ने बेलामा पनि चालु रहेको महिनाले ढुवानी खर्च, टेलिफोन खर्च, विज्ञापन खर्च, अतिथि सत्कार खर्च, कमिशन खर्च आदि खर्चलाई बढाउन तथा घटाउन महत्वपूर्ण भूमिका खेलेको हुन सक्छ ।

त्यसैले, यो प्रश्नालीको खण्ड १ देखि १५ सम्मका सबै विवरण भर्ने बेलामा त्यो उद्योग सन्दर्भ अवधिमा कति महिना चालु रह्यो भन्ने हेक्का सदैव राख्नु जरूरी हुन आउँछ । जति महिना चालु रहेको हो त्यो यकिन गरेर चालु रहेको महिनालाई अंक लेख्ने कोठामा लेख्नु पर्दछ ।

११. उद्योग प्रतिष्ठान सिजनल उद्योग हो ?

उद्योग प्रतिष्ठान यदि कुनै खास सिजनमा मात्र चल्ने प्रकृतिको हो भने यहाँ १ कोड सम्बन्धित कोठामा लेख्नुपर्दछ । यदि सिजनल होइन भने सम्बन्धित कोठामा कोड २ लेख्नुपर्दछ । जस्तै : कुनै ईटा उद्योग वा चिनी उद्योग कुनै सिजनमा पुर्णरूपले वन्द हुन्छन र कुनै सिजनमा मात्र चालु हुन्छन भने ती उद्योगहरू सिजनल उद्योग हुन । तर कुनै आइसक्रिम उद्योग जाडो याममा न्यून परिमाणमा भए पनि उत्पादन गर्दछ भने त्यो सिजनल उद्योग होइन । यस प्रश्नमा ख्याल गर्नुपर्ने कुरा के हो भने खास सिजन बाहेक अरू महिनामा पटक्कै नचल्ने खालका उद्योगहरू मात्र सिजनल उद्योग हुन । एउटा सिजनमा बढी उत्पादन गर्ने वा कामको उच्च चाप हुने वा धेरै जना कर्मचारीहरू राखेर काम लगाउने तर अरू सिजनमा कम उत्पादन वा कम कार्यचाप हुने उद्योगहरूलाई सिजनल उद्योगको रूपमा गणना गर्नुहुँदैन ।

१२. उद्योग प्रतिष्ठानको वैधानिक स्थिती

कुनै पनि उद्योग स्थापना एवं सञ्चालन गर्दा एउटा निश्चित व्यवस्थापन पद्धतिमा रहेर वा कानूनी आधारलाई मानेर स्थापना गर्नुपर्ने हुन्छ । सोही पद्धति वा कानूनी आधारलाई यहाँ वैधानिक स्थिति भनिएको छ । साना उद्योग सर्वेक्षण २०६६ मा वैधानिक स्थितिलाई ६ वर्गमा विभाजन गरिएको छ । सम्बन्धित औद्योगिक प्रतिष्ठानको जुन वैधानिक स्थिति हो त्यसको कोड सम्बन्धित कोष्ठमा उल्लेख गर्नुपर्दछ ।

१. व्यक्तिगत :

कुनै एक व्यक्तिले एकलौटीरुपमा आफ्नो पूँजी लगानी गरी नाफा नोक्सानी आफैँले व्यहोर्ने गरी प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ अनुसार सञ्चालन गरिएका उद्योग प्रतिष्ठानहरुलाई व्यक्तिगत प्रतिष्ठान मानिन्छ ।

२. साझेदारी :

दुई वा दुई भन्दा बढी व्यक्तिहरुले संयुक्त रुपमा कम बढी वा समान पूँजी लगानी गरी नाफा नोक्सानी सगोलमा सोही अनुपातमा व्यहोर्ने भनेर गरिएको सम्झौताको आधारमा प्रचलित साझेदारी ऐन, २०२० बमोजिम खोलिएको उद्योग प्रतिष्ठानलाई साझेदारी मानिन्छ ।

३. प्राइभेट लिमिटेड :

"प्राइभेट लिमिटेड" भन्नाले उद्योग प्रतिष्ठानको शेयर र डिबेन्चर शेयरवाला बाहेक अरूले खरिद बिक्री गर्न नपाउने र प्रबन्धपत्र, नियमावली वा सर्वसम्मत सम्झौतामा व्यवस्था गरेकोमा बाहेक आफ्नो धितोपत्र आफ्नै शेयरवालाहरु बाहेक अन्य व्यक्तिलाई धितो बन्धक राखी वा कुनै किसिमले हक छाड्न नहुने गरि बढीमा ५० जनासम्म मिलेर कम्पनी ऐन २०६३ अनुसार स्थापित भएको उद्योगलाई सम्झनुपर्दछ । यस्ता प्रतिष्ठानहरुको नामको पछाडी "प्राइभेट लिमिटेड" वा "प्रा.लि." भन्ने शब्द जोडिएको हुन्छ ।

४. पब्लिक लिमिटेड :

उद्योग प्रतिष्ठानको हिस्सा सर्वसाधारण जसले पनि खरिद बिक्री गर्न र व्यवस्थापनको मञ्जुरी नलिईकन पनि एक अर्काको नाममा आफ्नो हिस्सा नामसारी गर्न पाइने कम्पनी ऐन, २०६३ बमोजिम कम्तिमा सात जना मिलेर खोलेको उद्योग प्रतिष्ठानलाई पब्लिक लिमिटेड उद्योग मान्नुपर्दछ । यस्ता उद्योग प्रतिष्ठानहरुको नामको पछाडी साधारणतया "लि." अथवा "लिमिटेड" भन्ने शब्द जोडिएको हुन्छ ।

५. सहकारी :

न्यून आय भएका मानिसहरु स्वेच्छापूर्वक, समानता र स्वतन्त्रताको आधारमा एकआपसमा मिलेर आफ्नो आर्थिक समुन्नतिको लागि सामूहिक प्रयास गर्न स्थापित वोर्ड वा संस्था नै सहकारी हो । यसको मुलमन्त्र "सबैको लागि एक र एकको लागि सबै" हो । सहकारीमा मुनाफा गौण हुन्छ । सुपथ मूल्यमा वस्तु तथा सेवा प्रदान गर्नु सहकारीको मुख्य उद्देश्य हो अर्थात यसमा नाफाको उद्देश्य भन्दा पनि सेवाको उद्देश्य प्रमुख रहेको हुन्छ । माथि उल्लेखित उद्देश्यबाट अभिप्रेरित भएर सहकारी ऐन, २०४८ अनुसार दर्ता भई सञ्चालनमा रहेका उद्योग प्रतिष्ठानहरुलाई यस शिर्षक अर्न्तगत समावेश गर्नुपर्दछ ।

६. अन्य (खुलाउने ...) :

माथि उल्लेखित वैधानिक स्थिति बाहेक अरु कुनै प्रकारले संगठित भएको प्रतिष्ठानको वैधानिक स्थिति वा कानूनी आधार वा प्रशासनिक व्यवस्थापन पद्धति खुलाउनु परेमा त्यसलाई अन्यमा खुलाई सम्बन्धित कोष्ठमा कोड ६ लेख्नुपर्दछ ।

१३. प्रमुख उत्पादित वस्तुको नाम

उद्योग प्रतिष्ठानले एक वा सो भन्दा बढी वस्तुहरू उत्पादन गर्ने कार्य गरेका हुन सक्दछन् । जस्तैः भुदेव खाद्य उद्योगले धान कुट्ने, चिउरा कुट्ने, मकै, गहुँ, जौ, कोदो, आदि खाद्यान्नहरु पिँधेर पिठो उत्पादन गर्ने, तोरी पेलेर तेल निकाल्ने काम गर्दछ । धेरै किसिमका वस्तु उत्पादन गरेको अवस्थामा **जुन उत्पादित वस्तुको कुल परिमाणको मूल्य बढी हुन्छ** सोही उत्पादित वस्तुको नाम यहाँ खुलाउनुपर्नेछ ।

पुनश्चः एन.एस.आई.सी. लेखिएको छेउमा चारवटा कोठामा लेख्नुपर्ने अङ्कहरु विभागमा नै लेखिने भएकोले खाली छाड्नुपर्दछ । गत आ.व.मा त्यस उद्योग प्रतिष्ठानले उत्पादन गरेको वस्तु एउटा मात्र भए सोही वस्तु नै प्रमुख उत्पादित वस्तु हो । दुई भन्दा बढी वस्तुहरू उत्पादन गर्ने भए मात्र प्रमुख उत्पादन कुन हो र सहायक उत्पादन कुन हो भनी छुट्याउनुपर्ने प्रश्न खडा हुन्छ । त्यस्तो अवस्थामा जुन वस्तुको वार्षिक उत्पादन मुल्य बढी हुन्छ त्यही वस्तुलाई प्रमुख उत्पादन मान्नुपर्दछ ।

खण्ड १ : रोजगारी

यस खण्ड अन्तर्गत ६ वटा प्रश्नहरू सोधिएका छन् ।

१.१. उद्योग प्रतिष्ठानमा सन्दर्भ दिनमा कति जना कर्मचारी कार्यरत थिए ? लिङ्ग र राष्ट्रियता खुल्ने गरी उनीहरुको संख्या बताईदिनुहोस् ।

यस शिर्षक अर्न्तगत उद्योगपति तथा सक्रिय साझेदार, परिवारका सदस्य वा तलब नलिने अन्य व्यक्ति तथा उद्योग प्रतिष्ठानमा काम गरे वापत नियमानुसार तलब, ज्याला, पारिश्रमिक नगदी वा जिन्सी पाउने व्यक्ति (कर्मचारीहरु) पर्दछन । कर्मचारीको संख्या उल्लेख गर्दा २०६५ माघ १ गतेको दिन उत्पादनशिल, प्रशासकीय र प्राविधिक कार्यमा संलग्न व्यक्तिहरुको छुट्टाछुट्टै संख्या उल्लेख गर्नुपर्दछ । कुनै कारणवश सो दिन उद्योग प्रतिष्ठान बन्द रहेको भए त्यसपछि लगत्तै खुलेको पहिलो दिनमा संलग्न कर्मचारीको संख्या लेख्नुपर्दछ । छोटो अवधिको बिदा, बिरामी बिदा, घर बिदा, सुत्केरी बिदा, आदि लिई वसेको व्यक्तिलाई पनि कर्मचारीको संख्यामा राख्नुपर्छ । ठेक्का वा अन्य शर्तमा उद्योग प्रतिष्ठानकै कच्चापदार्थ उनीहरुले आफ्नै घरमा लगि शर्तअनुसारको काम सम्पन्न गर्ने कर्मचारीहरुलाई यसमा समावेश गर्नुहुँदैन किनकि ती कर्मचारीहरु उद्योग प्रतिष्ठानका कर्मचारीहरू होइनन् ।

१.१ (क). बेतलबी कर्मचारीहरु अन्तर्गत समावेश गर्ने

- तलब नलिइकन उद्योगको काम गर्ने उद्यमीहरू
- नियमित तलब नपाउने सहयोगी तथा सिकारूहरू
- कुल कार्यसमयको एक तिहाई समय काम गर्ने परिवारका सदस्य तथा अन्य व्यक्तिहरू

१.१. (ख) तलबी कर्मचारीहरु अन्तर्गत समावेश गर्ने

- उद्योगमा फुलटाइम वा पार्टटाइम काम गरेर नियमित तलब तथा अन्य सुविधा प्राप्त गर्ने सबै कर्मचारीहरू
- उद्योग प्रतिष्ठान भन्दा बाहिर बसेर पनि सो प्रतिष्ठानबाट नियमित तलब पाउने कर्मचारीहरू
- विरामी विदा वा सुत्केरी विदा वा किरिया विदामा बसेका कर्मचारीहरू
- तलबी विदामा बसेका कर्मचारीहरू
- हडताल गरेका कर्मचारीहरू
- तलब लिने संचालक समितिका सदस्यहरू वा व्यवस्थापकहरू वा अन्य अधिकृतहरू
- नियमित तलब लिने उद्योग प्रतिष्ठानका उद्यमीहरू वा सञ्चालकहरू
- तलब पाउने सहयोगी तथा सिकारूहरू
- सम्पादित कार्यको परिणाम बमोजिमको तलब तथा अन्य सुविधा पाउने कर्मचारीहरू
- माथि उल्लेख नभएको तर नियमित तलब तथा अन्य सुविधाहरू प्राप्त गर्ने कर्मचारीहरू

तलबी कर्मचारीहरु अन्तर्गत समावेश नगर्ने

- संचालक समितिको बैठकमा मात्रै उपस्थित हुने संचालकहरू
- परामर्शदाताहरू
- असिमित विदामा बसेका पुराना कर्मचारीहरू
- नियमित तलब नलिने खालका उद्योगका उद्यमीहरू
- घरेलु कामदारहरू, कमिसनमात्र लिने कर्मचारीहरू

नोट : निष्कृय रहने उद्यमी वा साझेदारलाई बेतलबी कर्मचारीहरु अन्तर्गतका महलमा समावेश नगर्नु होला ।

यो प्रश्न सोध्दा, सहायक प्रश्नहरूको क्रम देहाय बमोजिम गर्नु हुन सिफारिश गरिएको छ :

पहिलो प्रश्न : सन्दर्भ दिनमा कार्यरत रहेका जम्मा तलबी कर्मचारीहरू कति जना थिए?

दोश्रो प्रश्न : जम्मा ती कर्मचारी मध्ये पुरूष कति र महिला कति थिए ?

तेश्रो प्रश्न : ती मध्ये कति जना नेपाली र कति जना विदेशी थिए ?

चौथो प्रश्न : ती मध्ये कति प्रशासकीय, कति प्राविधिक र कति उत्पादनशील कर्मचारी थिए ?

पाँचौ प्रश्न : तलब नलिने उद्यमी तथा सक्रिय साझेदारहरू कति जना रहेका छन ? त्यसपछि उनीहरूको लिङ्ग र राष्ट्रियता खुलाउन थप प्रश्नहरू सोध्नुपर्नेछ ।

छैठौ प्रश्न : कुल कार्य समयको कम्तिमा एक तिहाई काम गर्ने परिवारका सदस्य वा सिकारू वा तलब नलिने अरू कुनै व्यक्तिहरू यदि उद्योगमा काम गर्ने रहेछन् भने त्यस्ता व्यक्तिहरू कति जना छन ?

अन्तमा तलबी कर्मचारीहरूको जम्मा (१.१.(क)) मा र बेतलबी कर्मचारीहरूको जम्मा (१.१.(ख))मा जोडेर जोडलाई रूजु गरी पुनः ती दुवैलाई जोड गरी तालिकाको १.१.वाला लहरमा लेख्नुपर्नेछ ।

१.२. तलबी कर्मचारीहरुको तलब तथा अन्य सुविधाहरुको वार्षिक रकम रु.

तलब :

"कर्मचारीको तलब" भन्नाले उद्योग प्रतिष्ठानमा काम गरे वापत नियमानुसार पाउने नगद वा जिन्सी हो । कर्मचारीहरुले आफ्नो काम गरेको प्रत्येक महिना वा तोकेको अवधि बमोजिम निश्चित समयमा तलब ज्याला पाउने हुन्छन । तलब खुलाउँदा सापटी र सञ्चयकोष कट्टी गर्नु भन्दा अघिको रकम उल्लेख गर्नुपर्दछ । कतिपय उद्योग प्रतिष्ठानहरुले आफ्ना कर्मचारीहरुलाई सञ्चयकोष कट्टी भएको रकम बराबर थप गरी सञ्चय कोष जम्मा गर्ने गरेका हुन्छन् । त्यस्ता उद्योगसँग सम्बन्धित कर्मचारीहरुको तलब भन्नाले सञ्चय कोषमा थप गरिएको रकमलाई समेत समावेश गरी हुन आउने रकमलाई वास्तविक तलब मानि प्रश्नावली भर्नुपर्दछ । कुनै कर्मचारीको मासिक तलब ग्रेड भए ग्रेड सहित रु. ५,०००/- छ तर उसले तलब बुझ्दा रु ८५०/- सापटी लिएको रकम फिर्ता स्वरुप कट्टी गर्नुका साथै १० प्रतिशत सञ्चय कोष कटाएर जम्मा रु.३,६५०/- मात्र प्राप्त गर्दछ भने उसको तलब खुलाउने महलमा मासिक रु. ५,०००/- को दरले वर्षको रु.६०,०००/- हुन्छ । यदि उक्त उद्योग प्रतिष्ठानले सञ्चयकोष जम्मा गर्दा उद्योग प्रतिष्ठानको तर्फवाट थप १० प्रतिशत थप गरि जम्मा गरिदिन्छ भने उक्त कर्मचारीको मासिक तलब

रु. ५,५००/- को दरले वर्षको रु.६६,०००/- हुन आउँछ । यदि कुनै कर्मचारीले तलबको सट्टामा जिन्सीको रुपमा प्राप्त गर्दछ भने उक्त जिन्सीलाई नगदमा रुपान्तरण गरी लेख्नुपर्दछ ।

तलब/ज्याला अन्तर्गत समावेश गर्ने रकमहरु

- महिनावारी नियमित पाउने तलब तथा ग्रेडको वार्षिक रकम
- ओभरटाइम गरे वापत पाएको रकम
- कर्मचारीले सिधै पाएको कमिशन तथा टिप
- महंगी भत्ता
- बोनस

अन्य सुविधा :

कर्मचारीहरुले काम गरे वापत तलब ज्यालाको अतिरिक्त अन्य सुविधाहरु पनि पाउन सक्दछन् । कर्मचारीहरुलाई तलब ज्यालामा समावेश नगरी दिइएका अन्य सबै नगदी वा जिन्सी भुक्तानीलाई सुविधामा समावेश गर्नुपर्दछ । जस्तैः कर्मचारीलाई दिइएको आवास सुविधा, लत्ताकपडा सुविधा, जिन्सी सुविधा, उपचार सुविधा, सवारी साधन सुविधा, कर्मचारी दुर्घटना बिमा, उपदान, बच्चाहरुको लागि दिइएका शैक्षिक खर्च, दशैँ खर्च, आदि सुविधाहरुलाई सम्बन्धित हरफहरुमा वार्षिक एकमुष्ट रकम उल्लेख गर्नुपर्दछ ।

अन्य सुविधा अन्तर्गत समावेश गर्ने रकमहरु

- लुगा भत्ता
- औषधीउपचार खर्च
- आवास सुविधा वापत पाउने रकम
- यातायात खर्च
- दशै खर्च
- कर्मचारीको जीवन वीमा वापतको रकम

कर्मचारीहरुको वर्गीकरण

१.१. (क) बेतलबी कर्मचारीहरु

१.१. उद्योगपति तथा सक्रिय साझेदार :

"उद्योगपति तथा सक्रिय साझेदार" भन्नाले पारिश्रमिक नलिईकन उद्योग प्रतिष्ठानको कार्यमा सक्रियरुपले संलग्न रहने उद्योगपति तथा साझेदारहरुलाई सम्झनुपर्दछ र तिनीहरुको संख्या लिङ्ग अनुसार नेपाली पुरुष भएमा नेपाली पुरुषको संख्या भएको महलमा र नेपाली महिला भएमा नेपाली महिलाको संख्या भएको महलमा उल्लेख गर्नुपर्दछ । यदि विदेशी पुरुष तथा महिला भएमा सोही अनुसारको महलमा उल्लेख गर्नुपर्दछ ।

१.२. परिवारका सदस्य वा अन्य व्यक्ति :

कुनै पनि प्रकारको पारिश्रमिक नलिई हप्ताको कम्तिमा १६ घण्टा (साधारणतया काम गरिने समयको एक तिहाई) काम गर्ने गरी उद्योगपति तथा साझेदारका परिवारका सदस्य उद्योग प्रतिष्ठानको कार्यमा संलग्न भएका रहेछन् भने तिनीहरुको संख्यालाई यस महल अर्न्तगत लिङ्ग अनुसार नेपाली पुरुष भएमा नेपाली पुरुषको संख्या लेख्ने महलमा र नेपाली महिला भए नेपाली महिलाको संख्या लेख्ने महलमा उल्लेख गर्नुपर्दछ र विदेशी पुरुष भए विदेशी पुरुषको संख्या लेख्ने महलमा र विदेशी महिला भए विदेशी महिलाको संख्या लेख्ने महलमा उल्लेख गर्नुपर्दछ ।

१.१. (ख) तलबी कर्मचारीहरु

१.३. व्यवस्थापक :

"व्यवस्थापक" भन्नाले उद्योग प्रतिस्ठानको मुख्य जिम्मेवारी वा अधिकार प्रयोग गर्ने पदमा रहेको व्यक्तिलाई सम्झनुपर्दछ । यस्तो व्यक्तिले पाउने तलब तथा अन्य सुविधा सम्बन्धित महलमा खुलाउनुपर्दछ । तर तलब नलिइकन व्यवस्थापक पदमा कुनै व्यक्ति कार्यरत रहेको भए यस महलमा उल्लेख गर्नु हुँदैन ।

१.४. प्रशासकीय कर्मचारी :

उद्योग प्रतिष्ठानको प्रशासन सम्बन्धी लेखापढी गर्ने, बहिखाता राख्ने तथा व्यवस्थापनसँग संलग्न रहेका कर्मचारीहरु, उद्योग प्रतिष्ठानको सुरक्षाका लागि राखिएका सुरक्षा गार्ड, आदि प्रशासकीय कर्मचारी अन्तर्गत पर्दछन् । प्रशासकीय कर्मचारीको संख्या उल्लेख गर्दा नेपाली वा विदेशी कर्मचारी छुट्याई लिङ्ग अनुसार सम्बन्धित महलमा भर्नुपर्दछ । नेपाली पुरुष भए नेपाली पुरुषको संख्या भएको महलमा र नेपाली महिला भए नेपाली महिलाको संख्या भएको महलमा तथा विदेशी पुरुष तथा महिला भएमा सोही अनुसारको महलमा उल्लेख गर्नुपर्दछ । प्रशासकीय कर्मचारीहरुको तलब/ज्याला र सुविधा उल्लेख गर्नुपर्दा १.२ को क्रमशः तलब भएको लहरमा र अन्य सुविधा लेखिएको महलमा तलब बाहेक प्राप्त गरेको सुविधा वापतको रकम नेपाली तथा विदेशी लिङ्ग अनुसार छुट्याई सम्बन्धित कोठामा उल्लेख गर्नुपर्दछ ।

१.५. प्राविधिक कर्मचारी :

कुनै औपचारिक तालिम वा दक्षता प्राप्त गरेका कर्मचारीहरुलाई प्राविधिक कर्मचारी अन्तर्गत समावेश गर्नुपर्दछ । जस्तैः इन्जिनियर, डाक्टर, डिजाइनर, केमिष्ट, ओभरसियर, आदि । औपचारिक तालिम प्राप्त नगरेका व्यक्ति यदि कुनै उद्योग प्रतिष्ठानले प्राविधिक भनी तोकेको छ भने त्यस्ता कर्मचारीहरुको संख्या यस महलअन्तर्गत उल्लेख गर्नुहुँदैन । ती कर्मचारीहरु उत्पादनशिल कर्मचारी अर्न्तगत पर्दछन् । प्राविधिक कर्मचारीको तलब र सुविधा प्रश्न नं. १.२ को सम्बन्धित महलमा नेपाली तथा विदेशी संख्या र लिङ्ग छुट्याई उल्लेख गर्नुपर्दछ ।

१.६. उत्पादनशील कर्मचारी (Operative Workers) :

"उत्पादनशील कर्मचारी" भन्नाले उद्योग प्रतिष्ठानको उत्पादनको कार्यमा सिधै संलग्न कर्मचारीहरु भन्ने बुझिन्छ । ठेक्का वा अन्य शर्तमा प्रत्यक्ष रुपमा उत्पादनसँग सम्बद्ध कर्मचारीहरु पनि यसै महलअन्तर्गत आउँछन् । साधारणतयाः उत्पादनशील कर्मचारी भन्नाले मेशिन अपरेटर, मिस्त्री, उत्पादन नियन्त्रक तथा उत्पादन कार्यमा प्रत्यक्ष रुपमा सघाउ पुऱ्याउने प्याकर्स, आदि बुझिन्छ । उत्पादनशील कर्मचारीको संख्या उल्लेख गर्दा नेपाली तथा विदेशी संख्या छुट्याई लिङ्ग अनुसार सम्बन्धित महलमा भर्नुपर्दछ । नेपाली तथा विदेशी उत्पादनशील कर्मचारीहरुको

तलब उल्लेख गर्नुपर्दा लिङ्ग अनुसार कर्मचारीले पाउने खुद तलब तथा ज्याला सम्बन्धित महलमा उल्लेख गर्नुपर्दछ र सुविधाहरु उल्लेख गर्नुपर्दा तलब बाहेक प्राप्त गरेको अन्य रकम सम्बन्धित महलमा उल्लेख गर्नुपर्दछ । तलबी कर्मचारीहरूको तलब तथा अन्य सुविधाको रकम लेख्दा व्यवस्थापक, प्रशासकीय कर्मचारी, प्राविधिक कर्मचारी र उत्पादनशील कर्मचारीको वार्षिक तलब तथा अन्य सुविधाको रकमको श्रेस्ता नराखेको वा फेला नपरेको अवस्थामा कर्मचारीको संख्या र स्तर अनुसार तलब र अन्य सुविधाको मासिक रकम सोधेर सो को आधारमा वार्षिक तलब तथा अन्य सुविधाको रकम निकाल्नुपर्दछ । यसमा जम्मा तलब र अन्य सुविधाको रकम मात्र लेखेर कर्मचारीको लिंग, राष्ट्रियता र स्तर अनुसारका सम्बन्धित कोठाहरू खाली राख्नु हुँदैन । कर्मचारीको संख्या अनुसार सम्बन्धित कोठामा रकमहरू लेख्नुपर्दछ ।

१.३. कामको उच्च चाप भएको बखत उद्योग प्रतिष्ठानमा औषत भन्दा बढी कति कर्मचारीहरुले काम गरेका थिए र ती कर्मचारीहरुलाई पारिश्रमिक तथा अन्य सुविधा वापत कति रकम भुक्तानी भयो ?

प्रश्न नं.१.१ मा उल्लेख भएको सख्या भन्दा बढी संख्यामा उद्योग प्रतिष्ठानले सन्दर्भ अवधिका कुनै महिनामा यदि थप कर्मचारीहरू राखेको भए ती थप कर्मचारीको संख्या र ती थप कर्मचारीलाई दिएको तलब, ज्यालाको रकम यस प्रश्नको जवाफमा खुलाउनु पर्नेछ ।

कामको उच्च चाप भएको बखतमा औषत भन्दा बढी संख्यामा राखिएका कर्मचारीहरूलाई भुक्तानी गरिएको तलब, ज्याला तथा अन्य सुविधाको रकम प्रश्न नं.१.२.मा समावेश नगरी यो प्रश्न अन्तर्गतको तलब तथा अन्य सुविधाको लहरमा खुलाउनुपर्नेछ ।

१.४. सन्दर्भ अवधिमा उद्योग प्रतिष्ठानको हाता भित्र बसेर ठेक्का वा अन्य कुनै शर्तमा काम गर्ने कामदारहरु रहेका थिए ?

उद्योगको कच्चामाल घरमा लगेर वा अन्यत्र कतै लगेर काम गर्नेहरूलाई यसमा समावेश गर्ने होइन । उद्योग प्रतिष्ठानमा यदि सो उद्योगको हाता भित्रै बसेर काम गर्ने कामदारहरू छन तर माथि प्रश्न १.१ मा गणना भएका छैनन भने यो प्रश्नमा थिए भन्ने १ कोड लेख्नुपर्दछ ।। उदाहरणको लागि, टेलरिङ्ग उद्योगमा ठेक्कामा काम गर्ने दुई थरी कामदार हुन सक्दछन ।

क) उद्योगको हाता बाहिर उदाहरणको लागि कामदारले आफ्नै घरमा लगेर सर्ट, पाइन्ट वा कुर्ता–सलवार सिलाएर, सिलाएको पिसको रेट अनुसार रकम दाबी गर्ने कामदारहरू :– यस्ता कामदारलाई यस प्रश्नले समेटेको छैन । वास्तवमा ती उद्योगका कामदार होइनन । तिनीहरूलाई भुक्तानी गरिएको रकम ६.३.१ मा उद्योगको खर्च जनाएर लेख्नुपर्दछ । तर उद्योगको पे–रोलबाट नियमित तलब पाउने जुनसुकै कर्मचारी पनि (उद्योगको हाता बाहिर बसेर काम गर्ने भए पनि) प्रश्न नं.१.१ मा समावेश गर्नुपर्दछ ।

ख) उद्योगको हाता भित्रै बसेर काम गर्ने कर्मचारीहरू : जस्तै टेलरिङ्गको उत्पादनस्थल मै बसेर काम गर्ने तर मासिक वा हप्तावारी तलब लिने नभई निजले सम्पादन गरेको कामको परिमाण अनुरूप ज्याला पाउने कर्मचारीहरू : यस्ता कर्मचारीहरू उद्योग प्रतिष्ठानका आफ्नै कर्मचारी हुन । उद्योग प्रतिष्ठानमा यस्ता कर्मचारी रहेछन् भने

यो प्रश्नमा थिए लेखेर १.५ मा गणना गर्नुपर्दछ । त्यसैगरी, यदि कुनै उद्योगले ठेक्कामा सेक्यूरिटी कम्पनीबाट सुरक्षा गार्डको सेवा लिएको छ भने सो सुरक्षा गार्ड वैधानिक हिसाबले उद्योगको कर्मचारी नभई सो सेक्यूरिटी कम्पनीको कर्मचारी हुन्छन । तर निज उद्योगको हाता भित्रै बसेर उद्योगलाई सेवा प्रदान गर्ने भएकोले यो प्रश्नमा थिए लेखेर कोड १ लेख्नुपर्दछ ।

१.५. (१.४.नम्बरमा यदि थिए भने) ठेक्का वा अन्य कुनै शर्तमा उद्योग प्रतिष्ठानको हाता भित्रै बसेर काम गर्ने कामदारहरु कति जना थिए ? ती कामदारहरुलाई पारिश्रमिक तथा अन्य सुविधा वापत कति रकम भुक्तानी भयो ?

प्रश्न नं.१.४ मा यदि थिए भन्ने उत्तर आएमा यो प्रश्नमा त्यस्ता कामदार कति जना थिए भनेर सोधी लिंग खुलाएर सम्बन्धित महलमा संख्या लेख्नुपर्दछ र ती कामदारलाई सन्दर्भ अवधिमा उद्योग प्रतिष्ठानले भुक्तानी गरेको रकमलाई हिसाब गरी तलब र अन्य सुविधाको लहरमा लेख्नुपर्दछ ।

खण्ड २ : इन्धनको खरिद

उद्योग प्रतिष्ठानले खरिद गरेको सबैधरी इन्धनहरू (दाउरा, पत्थर कोइला, डिजेल, पेट्रोल, मट्टितेल, ग्याँस, पानी खरिद, विद्युत खरिद र अन्य इन्धन) यस अन्तर्गत पर्दछन् । आफ्नै यातायातका साधनको निम्ति प्रयोग हुने इन्धन समेत यसमा पर्दछ । तर वस्तु उत्पादन गर्ने क्रममा कच्चापदार्थका रुपमा प्रयोग हुने इन्धन यस अन्तर्गत पर्दैन । एकाईको महलमा सम्बन्धित इन्धनको तोकिए अनुसारको एकाई उल्लेख भै सकेको हुँदा उद्योग प्रतिष्ठानले खरिद गरेको इन्धनको एकाई फरक पर्न गएमा प्रश्नावलीमा नै लेखिएको एकाईमा रुपान्तरण गरी लेख्नुपर्दछ । यसरी उद्योग प्रतिष्ठानले उपभोगका लागि खरिद गरेको इन्धनको एकाई, मौज्दात परिमाण, खरिद दर, बार्षिक खरिद परिमाण, बार्षिक खरिद रकम र खपत परिमाण सम्बन्धित लहरको उपयुक्त महलमा लेख्नुपर्दछ । जस्तै यदि कुनै ईंट्टा भट्टाले ईंट्टा पोल्नको लागि एक ट्रक पत्थर कोइला खरिद गरेको रहेछ भने २.३ अनुसार उक्त एक ट्रक खरिद परिमाणलाई क्वीण्टलमा लगी सो को परिमाण महल नं. ५ मा लेख्नुपर्दछ ।

त्यसैगरी यदि कुनै उद्योग प्रतिष्ठानले वर्षभरीमा (सन्दर्भ अवधिमा) उद्योग सञ्चालनार्थ विद्युत खरिद गरेको भए सो को परिमाण २.९ को महल नं. ५ र सो परिमाण खरिद वापत भुक्तानी गरेको रकम महल नं. ७ मा उल्लेख गर्नुपर्दछ । विद्युत खरिद एकाईको महलमा यूनिट उल्लेख गरिएको छ । यहाँ एक यूनिट भन्नाले सम्बन्धित उद्योग प्रतिष्ठानमा रहेको जस्तैः विद्युत प्राधिकरणको मिटरमा जनाउने एक किलोवाट घण्टालाई जनाउँछ ।

यदि उद्योग प्रतिष्ठानले २.१ देखि २.९ मा उल्लेख भएका बाहेक अन्य इन्धन खरिद गरेको भए सो वापतको एक मुष्ट रकम २.१० को महल नं ७ मा उल्लेख गर्नुपर्दछ । जस्तै इन्धनको रुपमा मोविल, ग्रिज, पराल, आदि ।

यस खण्डमा विभिन्न ८ वटा इन्धनहरूको लागि सन्दर्भ अवधिको शुरूको मौज्दात परिमाण (महल ४) सन्दर्भ अवधिको खरिद परिमाण (महल ५), सन्दर्भ अवधिको कुल खपत परिमाण (महल ८) र सन्दर्भ अवधिको अन्तको मौज्दात परिमाण (महल ९) सोधिएको छ । यस्तो मौज्दातको परिमाण समेत सोधर सम्बन्धित महलमा लेख्नुपर्दछ । विद्युत खरिदको मौज्दात परिमाण लेख्नु पर्दैन ।

यस प्रश्नको महल ९ मा उल्लेख भएको परिमाणसँग यसै प्रश्नको महल ४ र महल ५ को जोड गरी सो योगफलमा महल ८ को परिमाण घटाउँदा मिले नमिलेको चेक गर्नुपर्दछ । त्यसैगरी महल ७ को खरिद मुल्यको रकम यसै प्रश्नको महल ५ को परिमाण र महल ६ को खरिद दरको गुणानफल हो । त्यसैले महल ७ को रकम ती दुई महलको गुणानफल बराबर भए नभएको चेक गर्नुपर्दछ ।

सन्दर्भ अवधिका विभिन्न मितिमा कुनै इन्धनको खरिद दर फरक फरक हुन सक्छ । यदि त्यस्तो फरक रहेको पाइएमा ती सवै फरक दरहरूको औषत निकालेर यस प्रश्नको महल ६ मा त्यो औषत खरिद दर उल्लेख गर्नुपर्दछ ।

नोट : इन्धनहरूको विवरण उल्लेख गर्दा सन्दर्भ अवधिको सुरूको र सन्दर्भ अवधिको अन्तिमको मौज्दात समेत उल्लेख गर्नु पर्दछ । उद्योग प्रतिष्ठानको इन्धन खरिद वापतको खर्च लेख्दा घरायसी प्रयोजनमा प्रयोग भएको विद्युत, पानी तथा अन्य इन्धनहरूको खरिद खर्च कट्टा गरी लेख्नुपर्दछ ।

खण्ड ३ : कच्चापदार्थको खरिद

उद्योग प्रतिष्ठानले उत्पादित वस्तु तयार पार्ने सिलसिलामा प्रयोग गर्ने कोरामाल/वस्तुहरुलाई कच्चापदार्थ भनिन्छ । विभिन्न उद्योग प्रतिष्ठानहरूको कच्चापदार्थ आ-आफ्नो उत्पादन अनुसार भिन्दा भिन्दै हुन सक्दछ । साथै कुनै वस्तु उत्पादन गर्नको लागि धेरै किसिमका कच्चापदार्थहरू प्रयोग भएको हुन सक्दछ । उदाहरणको लागि चामल कुट्ने मिलको निमित्त धान कच्चापदार्थ हो । चुरोट कारखानाको निम्ति चुरोट उत्पादन गर्दा प्रयोग हुने सुर्ति र कागज समेत कच्चापदार्थको रुपमा लिन सकिन्छ । त्यस्तै गार्मेण्ट उद्योगको कच्चापदार्थहरुमा कपडा, धागो, टाँक, हुक, आदि हुन सक्छन् भने प्रिटिङ्ग प्रेसको लागि कागज, मसी, आदि हुन सक्दछन् । तर प्याकिङ मटेरियल भने कच्चापदार्थ अन्तर्गतमा पर्दैनन ।

प्रश्नावलीको यस खण्डमा तल उल्लेख भए बमोजिम तीनवटा प्रश्नहरु समावेश छन ।

प्रश्न नं.३.१ : सन्दर्भ अवधिमा उद्योग प्रतिष्ठानले कुन कुन कच्चापदार्थहरू कति कति परिमाणमा खरिद गऱ्यो ? सन्दर्भ वर्षको शुरूको दिन ती ती कच्चापदार्थहरूको मौज्दात कति थियो ? ती मध्ये कुन कुन कच्चापदार्थहरू सन्दर्भ वर्षमा कति कति खपत भए ? सन्दर्भ वर्षको अन्तमा तिनीहरू मध्ये कुन कुन कच्चापदार्थहरू कति कति परिमाणमा मौज्दातमा रहेका थिए ?

प्रश्न नं.३.१ मा कच्चापदार्थहरूको शुरू मौज्दात परिमाण, सन्दर्भ अवधिको खरिद परिमाण, सन्दर्भ अवधिमा खपत भएको परिमाण र सन्दर्भ अवधिको अन्तको मौज्दात परिमाण क्रमशः ५, ६, ७, ८ नम्बर महलमा लेख्नु पर्नेछ । कच्चापदार्थको परिमाण उल्लेख गर्दा सम्बन्धित महलको शिर्षक र कच्चापदार्थको किसिम अनुसार लेख्नु पर्दछ । दश प्रकारका कच्चापदार्थहरूको परिमाण खुलाउन पुग्ने गरी तालिका बनाइएको छ । यदि कुनै उद्योग प्रतिष्ठानमा दश भन्दा बढी कच्चापदार्थहरू रहेछन भने ३.१. को तालिका जस्तै अर्को तालिका सादा पानामा बनाएर क्र.सं.११ देखिका विवरणहरू उल्लेख गरी प्रश्नावलीसँगै स्ट्रिच गर्नु पर्नेछ । यदि यसरी थप पाना स्ट्रिच गरिएको रहेछ भने सो को जनाउको लागि यो प्रश्न नं. ३.१. को तालिकाको पुछारमा संकेत जनाएर खुलाउनु होला ।

वस्तुको विवरण खुलाउँदा लहर ३.१.०१ देखि ३.१.१० सम्म सन्दर्भ अवधिमा खरिद गरेको मुख्य मुख्य कच्चापदार्थहरुको नाम क्रमानुसार उल्लेख गर्नुपर्दछ । यसरी क्रम छुट्याउँदा सबभन्दा बढी मात्रामा खरिद भएका कच्चापदार्थलाई नं. ३.१.०१ मा र त्यसपछि क्रमानुसार अरु कच्चापदार्थ लेख्दै जानुपर्दछ । ती कच्चापदार्थको CPC विभागमा भरिने हुँदा खाली छोडनुहोला । उक्त लहरसँग सम्बन्धित एकाईको महलमा खरिद गरिएको परिमाणको एकाई (जस्तैः के.जी., लिटर आदि) के हो सो खुलाउनुपर्दछ । एकाई उल्लेख गर्दा यदि गोटामा उल्लेख गरेको भए, त्यो एक गोटामा कति के.जी वा लिटर हुन्छ स्पष्ट हुनेगरी खुलाउनु पर्नेछ ।

प्रश्न नं.३.२ : उद्योग प्रतिष्ठानले खरिद गरेका कच्चापदार्थहरु मध्ये कुन कुन मुलुकबाट कति कति रकम बराबरको कच्चापदार्थहरु खरिद गऱ्यो ?

यस प्रश्नमा उद्योग प्रतिष्ठान स्वयंले ती कच्चापदार्थहरू खरिद गर्दा सन्दर्भ अवधिमा कुन कुन देशबाट खरिद गरेको हो, सो खरिद गर्दा लागेको कुल खर्च (कुल वार्षिक परिमाणको खरिद मूल्य, खरिद गरेको स्थानबाट उद्योग प्रतिष्ठानसम्म ल्याउँदा लागेको ढुवानी खर्च तथा सो कच्चापदार्थमा लागेका सम्पूर्ण करहरु- पैठारी महशुल, भ्याट र स्थानीय कर- समेत समावेश गरी उल्लेख गर्नुपर्दछ) सोधेर देश अनुसारको वार्षिक खरिदको जम्मा रकम नेपालबाट खरिद गरेको भए ३.२.१ मा, भारतबाट सिधै आँफैले खरिद/आयात गरेको हो भने ३.२.२. मा र अन्यत्रबाट आँफैले खरिद/आयात गरेको हो भने ३.२.३. मा लेख्नुपर्दछ । नेपाल र भारत बाहेक अन्यत्रबाट उद्योग प्रतिष्ठान आँफैले आयात गरेको भए सो आयात तेश्रो राष्ट्रबाट भएको मानेर वार्षिक खरिद रकम ३.२.३ मा उल्लेख गर्नुपर्छ । यदि त्यो उद्योगले नेपालमा आयात निर्यातको व्यवसाय गर्ने अर्कै तेश्रो पक्षमार्फत कच्चापदार्थ आयात गराएर त्यो तेश्रो पक्षसँग सो उद्योगले ती कच्चापदार्थहरू खरिद गर्ने गरेको रहेछ भने यस प्रक्रिया समेतमा लागेको सम्पुर्ण खर्च नेपालबाट खरिद गरेको रकम मानेर ३.२.१ महलमा समावेश गर्नुपर्दछ ।

प्रश्न नं.३.३ : उद्योग प्रतिष्ठानले खरिद गरेका कच्चापदार्थहरुको देशगत रुपमा खरिद परिमाण, प्रति एकाई दर र खरिद मोल समेत बताउनुहोस् ।

यस प्रश्नमा सन्दर्भ अवधिमा नेपालमै खरिद गरेका कच्चापदार्थहरूको नाम, एकाई, खरिद भएको देश, प्रति एकाई खरिद दर, वार्षिक खरिद परिमाण र वार्षिक खरिद रकम सोधेर लेख्नुपर्दछ । प्र.नं.३.१.मा जस्तै गरी यदि दश भन्दा बढी कच्चापदार्थहरूको खरिद नेपालमा भएको रहेछ यो प्रश्नको तालिकाको पुछारमा संकेत गरी एउटा सादा पाना थपेर सम्बन्धित विवरणहरू उल्लेख गरी स्ट्रिच गर्नुहोला ।

यस प्रश्नको महल ४ मा यदि कुनै कच्चापदार्थको खरिद नेपाल र भारत दुवै देशमा भएको रहेछ भने त्यो कच्चापदार्थ दुई वटा लहरमा लेखेर पहिला नेपालमा खरिद भएको भनी खरिद भएको देशमा कोड १ लेखेर सो को परिमाण र खरिद मुल्य लेख्ने र दोश्रोपटक पुन सोही कच्चापदार्थको नाम लेखेर खरिद भएको देश भारतको लागि कोड २ लेखेर सो को परिमाण र खरिद मुल्य लेख्ने गर्नुपर्दछ । यदि त्यसरी लेख्दा क्रम संख्या १० भन्दा बढी हुन आएमा प्रश्न नं. ३.१ को लागि माथि उल्लेख भए अनुसार नै सादा पाना थप गर्नुहोला ।

यदि सन्दर्भ अवधिमा कुनै कच्चापदार्थको प्रति एकाई खरिद दरमा घटी बढी भएको रहेछ भने सो वस्तुको सबै थरी फरक फरक खालका दरहरूको जोड गरी जतिवटा दरहरू रहेका छन त्यति संख्याले भाग गरेर आएको औषत प्रति एकाई दर सम्बन्धित महल नं.७ मा उल्लेख गर्नुपर्नेछ ।

नोट : प्रश्न नं. ३.१, ३.२ र ३.३ भरिसकेपछि अनिवार्यरूपले कम्तिमा एकपटक चेक गर्नु होला । चेक गर्दा नेपाल, भारत र तेश्रो राष्ट्रमा खरिद भएको कच्चापदार्थको परिमाणको जोड र प्रश्न नं. ३.१.को वार्षिक खरिद परिमाणको जोड मिले नमिलेको यकिन गरी नमिलेको अवस्थामा आवश्यकतानुसार उत्तरदातासँग पुनः सोधपुछ गर्नुपर्छ । यसै गरी वार्षिक खरिद रकमको जोडलाई प्रश्न नं. ३.२.को जोडसँग मिले नमिलेको एकपटक चेक गर्नुहोला ।

खण्ड ४ : उत्पादन तथा बिक्री

"उत्पादन" भन्नाले उद्योग प्रतिष्ठानले कच्चापदार्थको प्रशोधन वा रुपान्तरण गरी तयार गरेको बिक्री योग्य तयारी वस्तुलाई सम्झनुपर्दछ। यस अन्तर्गत प्रमुख उत्पादन र सहायक उत्पादनहरु सबैको विवरण उल्लेख गर्नुपर्दछ। उद्योग प्रतिष्ठानको कच्चापदार्थको प्रयोग गरी ठेक्का वा अन्य शर्तमा अरुबाट तयार पारिएको तयारी वस्तुलाई पनि यस शिर्षकमा समावेश गर्नुपर्दछ। साथै अर्ध तयारी वस्तु बिक्री गरेको भएमा सो को विवरण पनि उल्लेख गर्नुपर्दछ। यस प्रकार उत्पादित वस्तुहरुको विवरण लेख्दा यस खण्ड अन्तर्गतका तीनवटा प्रश्नहरू मध्ये ४.१ र ४.३ का तालिकाहरूमा उपलब्ध लाइनहरू नपुग भएमा नपुग भएका ती तालिकाको पुछारमा संकेत गरी सादा पाना थपेर नपुग विवरणहरू स्पष्ट उल्लेख गरी यसै प्रश्नावलीसँग स्ट्रिच गर्नुहोला । सम्बन्धित तालिकाहरूमा उत्पादित वस्तुहरूको नाम लेख्दा शुरूमा मुख्य उत्पादनको र त्यसपछि क्रमशः सहायक उत्पादनहरुको नाम उल्लेख गर्नुपर्दछ। यसरी क्रम छुट्याउँदा सबैभन्दा बढी मात्रामा (रकमको आधारमा) उत्पादन गरेको वस्तुलाई क्र.सं. को ०१ मा उल्लेख गर्ने र त्यसपछि क्रमानुसार अरु उत्पादित वस्तुहरु लेख्दै जानुपर्दछ । ती वस्तुहरूको CPC विभागमा भरिने हुँदा खाली छोडनुहोला । उक्त लहरसँग सम्बन्धित एकाईको महलमा खरिद गरिएको परिमाणको एकाई (जस्तैः के.जी., लिटर आदि) के हो सो खुलाउनुपर्दछ। एकाई उल्लेख गर्दा यदि गोटामा उल्लेख गरेको भए, त्यो एक गोटामा कति के.जी वा लिटर हुन्छ स्पष्ट हुनेगरी खुलाउनु पर्नेछ।

यसैगरी उत्पादित वस्तु मध्ये बिक्री गरिएको वस्तुको परिमाण र रकम खुलाउँदा भारतमा र तेस्रो मुलुकमा बिक्री गरेको भएमा बिक्री गरेको परिमाण र रकमलाई अलग अलग सम्बन्धित प्रश्नहरूको सम्बन्धित महलहरुमा खुलाउनुपर्दछ। उत्पादित वस्तुको बिक्री रकम उल्लेख गर्दा वस्तुहरुलाई उद्योग प्रतिष्ठानको कम्पाउण्ड बाहिर लैजानु अघि लागेका सम्पूर्ण करहरु समेत समावेश गरी उत्पादित वस्तुको मूल्य लेख्नुपर्नेछ । उदाहरणको लागि चामल उद्योगको मुख्य उत्पादन चामल हो र सहायक उत्पादन भूस पनि छ भने सन्दर्भ अवधिको चामल, भूसको वार्षिक उत्पादनको परिमाण र बिक्री क्रमशः उल्लेख गरी गर्नुपर्दछ। गार्मेण्ट उद्योगको उत्पादनहरुमा सम्भव भएसम्म जस्तै शर्ट, पाइन्ट, टिसर्ट, आदि वस्तुको किसिम उल्लेख गरी विवरण भर्नुपर्दछ। त्यस्तै दुग्ध उद्योगको दुध, घिउ, मख्खन, चीज, आदिको विवरण भर्नुपर्दछ।

द्रष्टव्यः यदि अरु नै उद्योग प्रतिष्ठान वा व्यक्तिको कच्चापदार्थहरू प्रयोग गरेर तयारी वस्तु उत्पादन गरी सेवा शुल्क लिएर सो तयारी वस्तु त्यो कच्चापदार्थको स्वामीवाला उद्योग वा व्यक्तिलाई नै फिर्ता गरिएको छ भने त्यस्ता उत्पादित वस्तु वा वस्तुहरुको नाम, परिमाण एवं रकम यस शिर्षकमा समावेश गर्नुहुँदैन । त्यसरी, प्राप्त भएको सेवा शुल्क वा रकम खण्ड ५ अन्तर्गत उल्लेख गर्नुपर्दछ।

प्रश्न नं. ४.१. सन्दर्भ अवधि (आ.व.२०६५/६६) मा उद्योग प्रतिष्ठानले कुन कुन वस्तुहरु कति कति परिमाणमा उत्पादन गऱ्यो ? सन्दर्भ अवधिको शुरुको दिन ती ती वस्तुहरुको मौज्दात परिमाण कति थियो ? ती वस्तुहरु मध्ये कुन कुन वस्तुहरु सन्दर्भ अवधिमा कति कति बिक्री भए ? र सन्दर्भ अवधिको अन्तमा ती वस्तुहरु मध्ये कुन कुन वस्तुहरु कति कति परिमाणमा मौज्दातमा रहेका थिए ?

यसमा उत्पादित वस्तुहरूको शुरू मौज्दात परिमाण, सन्दर्भ अवधिको उत्पादन परिमाण, सन्दर्भ अवधिमा बिक्री भएको परिमाण र सन्दर्भ अवधिको अन्तको मौज्दात परिमाण क्रमशः ५, ६, ७, ८ नम्बर महलमा लेख्नुपर्नेछ। उत्पादित वस्तुको परिमाण उल्लेख गर्दा सम्बन्धित महलको शिर्षक र किसिम अनुसार लेख्नुपर्दछ। महल ८ भनेको महल ५ र महल ६ को जोड गरी महल ७ को परिमाण घटाउँदा आउने अंक हो।

४.२. उद्योग प्रतिष्ठानले उत्पादित वस्तुहरुको बिक्री गरेर कुन कुन राष्ट्रबाट कति कति रकम बराबरको प्राप्त गऱ्यो ?

यस प्रश्नमा उद्योग प्रतिष्ठान स्वयंले ती उत्पादित वस्तुहरू बिक्री गर्दा सन्दर्भ अवधिमा कुन कुन देशमा बिक्री गरेको हो, सो को बिक्री मोल (कुल वार्षिक बिक्री मूल्य, उद्योग प्रतिष्ठानको गेट बाहिर ती वस्तुहरू लैजानु अघि ती वस्तुहरूमा लागेका सम्पूर्ण करहरु - अन्तःशुल्क, भ्याट, स्थानीय कर तथा अन्य कर एवं शुल्कहरू - समेत समावेश गरी उल्लेख गर्नुपर्दछ) सोधेर देश अनुसारको वार्षिक बिक्रीको जम्मा रकम नेपालमा बिक्री गरेको भए ४.२.१ मा, भारतमा सिधै आँफैले बिक्री वा निर्यात गरेको हो भने ४.२.२. मा र अन्यत्र आँफैले बिक्री/निर्यात गरेको हो भने ४.२.३. मा लेख्नुपर्दछ। नेपाल र भारत बाहेक अन्य देशमा उद्योग प्रतिष्ठान आँफैले निर्यात गरेको भए सो निर्यात तेश्रो राष्ट्रबाट भएको मानेर वार्षिक बिक्री रकम ४.२.३ मा उल्लेख गर्नुपर्छ। यदि त्यो उद्योगले नेपालमा आयात निर्यातको व्यवसाय गर्ने अर्कै तेश्रो पक्ष मार्फत उत्पादित वस्तुहरूको निर्यात गर्ने गरेको रहेछ भने यस किसिमको बिक्रीबाट प्राप्त भएको आम्दानीलाई नेपालमा बिक्री गरेको रकम मानेर ४.२.१ महलमा समावेश गर्नुपर्दछ।

प्रश्न नं.४.३ उद्योग प्रतिष्ठानले बिक्री गरेका उत्पादित वस्तुहरुको देशगत रुपमा प्रति एकाई बिक्री दर र बिक्रीबाट प्राप्त रकम बताउनुहोस्।

यस प्रश्नमा सन्दर्भ अवधिमा नेपालमै बिक्री गरेका उत्पादित वस्तुहरूको नाम, एकाई, प्रति एकाई बिक्री दर, वार्षिक बिक्री परिमाण र वार्षिक बिक्री रकम सोधेर लेख्नुपर्दछ

नोट : प्रश्न नं. ४.१, ४.२ र ४.३ भरिसकेपछि अनिवार्यरूपले कम्तिमा एकपटक चेक गर्नु होला। यो चेकमा नेपाल , भारत र तेश्रो राष्ट्रमा बिक्री भएका उत्पादित वस्तुहरूको परिमाणको जोड र प्रश्न नं. ४.१.को वार्षिक बिक्री परिमाणको जोड मिले नमिलेको यकिन गरी नमिलेको अवस्थामा उत्तरदातासँग पुनः सोधपुछ गर्नुपर्छ। यसै गरी उक्त तीन वटा देश अनुसारको वार्षिक बिक्री रकमको जोडलाई प्रश्न नं. ४.२.को जोडसँग मिले नमिलेको एकपटक चेक गर्नुहोला।

खण्ड ५ : अरुको कच्चापदार्थ प्रशोधन गरेर वस्तुको उत्पादन गरी सेवा शुल्क लिने उद्योगहरु

यो खण्ड आफ्नै कच्चामालबाट वस्तु उत्पादन गरी बिक्री गर्ने उद्योग प्रतिष्ठानहरूको लागि भर्नु पर्दैन। यो खण्ड अरूको कच्चापदार्थ प्रशोधन गरेर तयारी वस्तुको उत्पादन गरी सो प्रशोधन गरिदिए वापत सेवा शुल्क लिने उद्योग प्रतिष्ठानहरूलाई मात्र सोध्ने हो। जस्तै : राइस मिल, टेलरिङ्ग, गहना बनाउनेहरू आदि। कुनै उद्योगले आफ्नो कच्चामाल प्रयोग गरेर तयारी वस्तुको उत्पादन एवं बिक्री पनि गर्ने र अरूको कच्चामाल प्रयोग गरेर सेवा शुल्क लिएर तयारी माल निजलाई नै फिर्ता दिने दुवै प्रकारको क्रियाकलाप गरेको हुन सक्दछ। त्यस्ता उद्योगहरूको हकमा खण्ड ३ र खण्ड ४ त भर्नु पर्दछ नै तर यो खण्ड भर्नुपर्दैन। तर त्यस्तो सेवा शुल्क वापतको रकम ६.२.१ मा उल्लेख गर्नु पर्दछ।

तर यो खण्ड सोधेर सेवा शुल्क वापत प्राप्त रकम यहाँ उल्लेख गरे पश्चात ६.२.१ मा खाली छाडनु पर्दछ। तर खण्ड ६ का अरू प्रश्नहरू सबै उद्योगहरूलाई सोध्नु पर्दछ।

त्यसरी प्राप्त गरेको सेवा शुल्क वापतको रकम उद्योग प्रतिष्ठानले सन्दर्भ अवधिको कुनै महिनामा उद्योग प्रतिष्ठानले सबै भन्दा बढी रकम पाएको हुन सक्छ, त्यस्तो रकम ५.१ मा उल्लेख गर्नुपर्दछ। कुनै महिनामा न्यूनतम रकम प्राप्त गरेको भए ५.२ मा उल्लेख गर्नु पर्दछ र सन्दर्भ अवधिमा मासिक रूपमा औषत प्राप्त हुने रकम सोधेर ५.३ मा उल्लेख गर्नुपर्दछ।

यो प्रश्नमा उल्लेख गर्नुपर्ने तीनै थरीको रकम – अधिकतम, न्यूनतम र औषत – अनिवार्य रूपमा भर्नु पर्दछ। कुनै २ वटा मात्र भरेर छाडनु हुँदैन।

खण्ड ६ : औद्योगिक सेवा वापतको आम्दानी र खर्च

यस खण्डमा तीन वटा प्रश्नहरू राखिएका छन् ।

६.१. सन्दर्भ अवधिमा उद्योग प्रतिष्ठानले खरिद गरेको हालतमा बिक्री हुने खालका के के वस्तुहरु कति कति परिमाणमा खरिद तथा बिक्री गऱ्यो ? ती वस्तुहरुको सन्दर्भ वर्षको शुरुको दिन र अन्तिम दिनको मौज्दात परिमाण समेत बताइदिनुस ।

यो प्रश्न सोध्दा, सर्वप्रथम उद्योग प्रतिष्ठानले खरिद गरेको हालतमा बिक्री हुने वस्तुहरूको खरिद तथा बिक्री गर्ने कार्य सन्दर्भ अवधिमा गरेको थियो थिएन यकिन गर्नुपर्दछ । यदि गरेको थियो भने कुन वस्तुको गरेको थियो सोध्नु पर्दछ । जस्तै : कुनै राइस मिलले धान वा गहुँ वा मकै वा मुसुरो आदि खरिद गरेर सो धान वा गहुँ वा मकै वा मुसुरो नै बिक्री गरेको हुन सक्छ । यदि त्यस्तो खरिद वा बिक्री गरेको रहेछ भने यस प्रश्नमा त्यस्तो धान वा गहुँ वा मकै वा मुसुरोको सन्दर्भ अवधिको खरिद परिमाण बिक्री परिमाण क्रमशः महल ५ र महल ६ मा उल्लेख गर्नुपर्दछ । त्यस्तो धान वा गहुँ वा मकै वा मुसुरोको शुरू मौज्दात परिमाण र अन्तको मौज्दात परिमाण समेत सोधेर सम्बन्धित महलमा लेख्नु पर्दछ ।

यदि सन्दर्भ अवधिमा यस्तो प्रकारको खरिद वा बिक्री कारोबार गरेको रहेनछ भने यो प्रश्नका सवै लहरका कोठाहरूमा "० " लेख्नु पर्दछ ।

<u>प्रश्न नं. ६.२ र ६.३</u>

कतिपय उद्योग प्रतिष्ठानले उत्पादन कार्यमा प्रत्यक्ष संलग्न रहने अनेकौं सेवाहरु अन्य उद्योग प्रतिष्ठान वा व्यक्तिहरुलाई उपलब्ध गराए वापत/बिक्री गरी आम्दानी प्राप्त गर्ने गर्दछन भने अर्कोतर्फ त्यस्ता सेवाहरु अन्य व्यक्ति वा प्रतिष्ठानहरुबाट पनि ती उद्योग प्रतिष्ठानहरुले लिनुपर्ने हुन सक्छ । आफ्नो प्रतिष्ठानले त्यस्तो किसिमको सेवा विभिन्न तरिकाले प्रदान गर्नसक्ने र सो वापत प्राप्त हुने सम्पूर्ण रकमलाई नै औद्योगिक सेवा वापतको आम्दानी मानिन्छ भने त्यस्ता सेवाहरु उक्त प्रतिष्ठानले लिए वापतका सम्पूर्ण खर्चहरु औद्योगिक सेवावापतको खर्च अर्न्तगत पर्दछन् । औद्यौगिक सेवा वापतको खर्च र आम्दानीमा निम्नलिखित खर्च र आम्दानीहरु पर्दछन् ।

(क) ठेक्का वा अन्य शर्तमा अरूलाई काम गराए/अरूको काम गरी दिए वापत :

ठेक्कामा वा अन्य शर्तमा आफ्नो कच्चापदार्थ अरुलाई प्रशोधन, रुपान्तरण वा उत्पादन गर्न दिए वापतको रकम उक्त उद्योग प्रतिष्ठानको खर्च अन्तर्गत प्रश्न नं.६.३ मा उल्लेख गर्नुपर्दछ भने अर्कातिर ठेक्कामा वा अन्य शर्तमा अन्य उद्योग प्रतिष्ठानको कच्चापदार्थ लिई प्रशोधन, रुपान्तरण वा उत्पादन गरी दिए वापत प्राप्त हुने रकम आम्दानी अन्तर्गत प्रश्न नं.६.२ मा लेख्नु पर्दछ ।

हुन त, कुनै व्यक्तिको धान कुटेर चामल बनाइ दिए वापत कुनै राइस मिलले प्राप्त गरेको सेवा शुल्कको रकम त्यो राइस मिलको प्राप्ति हो । यदि सो राइस मिलले त्यसरी सेवा प्रदान गरे वापतको सेवा शुल्क (नगदी वा जिन्सीमा) लिने कार्य मात्रै गर्दो रहेछ भने त्यसरी प्राप्त गरेको रकम खण्ड ५ मा समावेश गर्नु पर्दछ । त्यसरी प्रशोधन

गरी तयार भएको चामल सो राइस मिलको उत्पादन होइन । त्यो धान पनि सो राइस मिलको कच्चापदार्थ होइन । त्यो कार्य (धानलाई कुटेर चामल बनाउने कार्य) भने औद्योगिक कार्य हो । त्यसैले, अर्काको धान कुटेर चामल बनाए वापत प्राप्त गरेको वार्षिक आम्दानीलाई सो राइस मिलले ठेक्का वा अन्य शर्तमा अरूको काम गरिदिए वापत प्राप्त गरेको रकमको रूपमा खण्ड ५ मा लेख्नु पर्दछ ।

तर यदि सो राइस मिलले त्यस्तो सेवा प्रदान गर्ने र आफ्नै कच्चामाल समेत प्रशोधन गरेर बिक्री गर्ने दुवै खालको कार्य गर्नेरहेछ भने सो प्राप्त रकमलाई प्रश्न नं.६.२ मा लेख्नु पर्दछ ।

यसैगरी, दालमोठ उद्योगले तयार पारेको दालमोठलाई ठेक्का अन्य शर्तमा सो उद्योगका नियमित कामदार बाहेकका अन्य कामदारहरूले सो उद्योगको हाता बाहिर बसेर कामगरी दालमोठ उद्योगलाई बुझाए वापत सो उद्योगले भुक्तानी गरेको रकमलाई औद्योगिक सेवा वापतको खर्च मानेर ६.३.१. मा उल्लेख गर्नु पर्दछ ।

तर ठेक्का वा अन्य शर्तमा उद्योग प्रतिष्ठानको हाता भित्रै बसेर कार्य सम्पादन गर्ने कर्मचारीहरू खटिएका छन भने ती कर्मचारीहरूको संख्या १.६ मा उल्लेख गरी उनीहरूले सम्पादन गरेको कार्य वापतको पारिश्रमिक (ज्याला) को रकम पनि १.६ अन्तर्गत नै समावेश गर्नु पर्दछ । ठेक्का वा अन्य शर्तमा उद्योग प्रतिष्ठानको हाता भन्दा बाहिर बसेर कार्य सम्पादन भएको रहेछ भने मात्र सो वापत उद्योगले तिरेको रकम ६.३.१ मा राख्नु पर्दछ ।

(ख) सालवसाली मर्मत सम्भार अरूको गरी दिए वापत :

यदि उक्त उद्योग प्रतिष्ठानले आफ्ना नियमित कामदारको प्रयोग गरी अन्य उद्योग प्रतिष्ठान, संघसंस्था, व्यक्तिको त्यस्तै किसिमका मर्मत सम्भार गरिदिए वापत कुनै आम्दानी प्राप्त गरेको छ भने सो रकमलाई ६.२.२ को आम्दानी महलअर्न्तगत लेख्नु पर्दछ ।

तर उद्योग प्रतिष्ठानको आफ्नो स्थायी सम्पत्तिको सामान्य मर्मत सम्भार गर्दा लागेको खर्च यस खण्डमा समावेश गर्नु हुँदैन । त्यस्तो रकम १०.१२ मा उल्लेख गर्नु पर्दछ ।

यदि सन्दर्भ अवधिमा उद्योग प्रतिष्ठानको स्थायी सम्पत्तिको पूँजीगत मर्मत गरिएको रहेछ भने त्यस्तो मर्मत वापत लागेको खर्च १३.३ को सम्बन्धित महलमा उल्लेख गर्नु पर्दछ ।

यदि उद्योग प्रतिष्ठानको आफ्नै कर्मचारीले उद्योगको स्थायी सम्पत्तिमा थप गरेको रहेछ भने (जस्तै आफ्नै कर्मचारी कम्पाउण्ड वाल बनाएको) छ भने त्यस्तो थप निर्माण वा सम्पत्तिको रकम मूल्यांकन गरी १३.४ को सम्बन्धित महलमा उल्लेख गर्नु पर्दछ ।

(ग) खरिद गरेको हालतमा बिक्री हुने/भएको वस्तु वापत :

त्यस्ता सामानहरु जसलाई पुनः उत्पादन क्रममा नलगिकन खरिद गरेको हालतमै बिक्री गर्ने गरिन्छ त्यसलाई खरिद गरेको हालतमा बिक्री हुने वस्तु भनिन्छ । त्यस्ता वस्तुहरूको शुरू मौज्दात परिमाण, सन्दर्भ अवधिमा खरिद गरेको परिमाण, सन्दर्भ अवधिमा बिक्री गरेको परिमाण र सन्दर्भ अवधिको अन्तको मौज्दात परिमाण प्रश्न नं. ६.१ को सम्बन्धित महलहरूमा उल्लेख गर्नु पर्दछ ।

त्यस्ता वस्तुहरू खरिद गर्दा लागेको रकम खर्च महल अर्न्तगत ६.३.३ मा र बिक्रीवाट प्राप्त रकम आम्दानीलाई आम्दानी महल अर्न्तगत ६.२.३ मा उल्लेख गर्नु पर्दछ ।

उदाहरणको लागि यदि भूदेव खाद्य उद्योगले चामल उत्पादन गर्नका लागि खरिद गरेको १००० क्वीण्टल धान विभिन्न कारणले गर्दा उसले ९०० क्विण्टल धानको मात्र चामल उत्पादन गर्‍यो र बाँकी १०० क्वीण्टल धान मौज्दात रहयो भने त्यो १०० क्विन्टल धान मौज्दाततर्फ हिसाब गर्नु पर्दछ । तर यदि सो उद्योगले चामल उत्पादन गर्ने प्रयोजनको लागि बाहेक अरू १००० क्वीन्टल धान, वा मकै वा गहुँ वा मुसुरो पनि खरिद गरेको छ र ती धान, वा मकै वा गहुँ वा मुसुरोलाई सो उद्योगले प्रशोधन नगरीकन खरिद गरेको हालतमै बिक्री गरेको छ भने उक्त धान, वा मकै वा गहुँ वा मुसुरो खरिद गर्दा लागेको खर्च ६.३.३ मा लेख्नुपर्दछ भने बिक्री गरी प्राप्त गरेको आम्दानी ६.२.३ मा लेख्नु पर्दछ ।

खण्ड ७ : मौज्दात

यहाँ मौज्दात भन्नाले सन्दर्भ अवधिको शुरु तथा अन्त्यमा रहेको मौज्दातलाई बुझ्नु पर्दछ ।

प्रश्न नं.२ को महल (४) र महल (९) मा क्रमशः इन्धनको शुरू मौज्दात परिमाण र सन्दर्भ अवधिको अन्तको मौज्दात परिमाण सोधिएको छ । ती दुई वटा महलमा उल्लेख भएको परिमाणलाई सोही अवधिको प्रचलित प्रति एकाई दरले गुणा गरी आएको गुणानफलको रकमलाई लाई क्रमशः ७.१ को महल (३) र महल (४) मा उल्लेख गर्नुपर्दछ । यसैगरी कच्चापदार्थ र उत्पादित तयारी वस्तुको शुरू मौज्दात परिमाण र सन्दर्भ अवधिको अन्तको मौज्दात परिमाण क्रमशः प्रश्न नं. ३.१ को महल (५) र महल (८) मा र प्रश्न नं. ४.१ को महल (५) र महल (८) मा सोधिएको छ । ती प्रश्न र महलमा उल्लेख भएका परिमाणको पनि ती ती अवधिका प्रचलित मूल्य (current price) मा भ्यालुएसन (Valuation) गरी क्रमशः ७.२ र ७.४ मा लेख्नुपर्दछ । वास्तवमा, इन्धन एवं कच्चापदार्थको खरिद purchaser's price भएको हुन्छ र उत्पादित वस्तुको बिक्री producer's price मा भएको हुन्छ । सन्दर्भ अवधिको लागि सम्बन्धित purchaser's price वा producer's price मा व्यक्त भएको मुल्य नै वास्तवमा त्यो वस्तुको (current price) हो ।

अर्धतयारी वस्तुको मौज्दात रकमको सम्बन्धमा उत्तरदातालाई "सन्दर्भ अवधिको शुरू र अन्तमा के के अर्धतयारी वस्तुहरू कति कति परिमाणमा मौज्दातमा रहेका थिए ?" सोधेर सो को प्रचलित मूल्यमा भ्यालुएसन (Valuation) गरी क्रमशः ७.३ मा लेख्नुपर्दछ । त्यसैगरी, खरिद गरेको हालतमा बिक्री हुने वस्तुहरूको मौज्दात परिमाणको सम्बन्धमा प्रश्न नं.६.१.को महल (४) र महल (७) मा उत्तरदातालाई सोधिएको छ । ती महलमा उल्लेख भएको परिमाणको मूल्यांकन गरी ७.५ को महल (३) र महल (४) भर्नु पर्दछ । त्यसपछि महल (५) बाट महल (४) आँफैले घटाएर महल (६) मा लेख्नुपर्दछ । यदि मौज्दात परिवर्तनको उक्त महल (६) ऋणात्मक आएमा वा ठूलो अंक (तपाईको विचारमा) आएमा उत्तरदातासँग एकपटक रूजु गराउनुपर्दछ ।

सन्दर्भ अवधि (आ.व.२०६५/६६) भन्दा अघिल्लो वर्ष बिक्री वा उत्पादनको लागि उपभोग गरेर बाँकी रहन आएको सामान चालु वर्षमा शुरु मौज्दात हुन आउँदछ भने सन्दर्भ अवधिको अन्तमा बिक्री वा उत्पादनको लागि उपभोग गरेर बाँकी रहन आएको सामानलाई सन्दर्भ अवधिको अन्त्यको मौज्दातको रूपमा गणना गर्नु पर्दछ । यस गणनाको लागि २०६५ साल श्रावण १ गतेको मौज्दातलाई सन्दर्भ अवधिको शुरुको मौज्दात र २०६६ साल आषाढ मसान्तको दिनको मौज्दातलाई सन्दर्भवर्षको अन्त्यको मौज्दात मानी गणना गर्नुपर्दछ ।

यस खण्डमा निम्न पाँच समूहका वस्तुहरूको मौज्दातको विवरण सोधिएको छ :–

७.१ इन्धन ७.२. कच्चापदार्थ ७.३. अर्धतयारी वस्तु
७.४ तयारी वस्तु ७.५ खरिद गरेको हालतमा बिक्री हुने वस्तु

"कच्चापदार्थ" शिर्षक अन्तर्गत वस्तु उत्पादन गर्ने क्रममा प्रयोग हुने सबै प्रकारका (खण्ड ३ मा उल्लिखित) कच्चापदार्थहरु पर्दछन् । यसका साथै उद्योग प्रतिष्ठानको आफ्नै प्रयोगको लागि गरिने निर्माण, मर्मत कार्य, आदिमा प्रयोग हुने कच्चापदार्थ समेत समावेश गर्नुपर्दछ ।

"अर्धतयारी वस्तु" भन्नाले उद्योग प्रतिष्ठानले वस्तु उत्पादन गर्दा पूर्ण रुपमा तयार नभई केही अंश तयार गर्न बाँकी रहेको र त्यसलाई पूर्णतः तयार बनाउनको निमित्त उत्पादन क्रममा पुनः लैजानु पर्ने भएमा त्यस्तो वस्तुलाई अर्धतयारी वस्तु सम्झनुपर्दछ । जस्तै : चिनी मिलमा उखुको रस, चामल कुट्ने मिलमा ननिफनेको चामल, फर्निचर उद्योगमा रङरोगन नगरिएका वा अन्तिम रुप नदिइएका फर्निचर, आदिलाई अर्ध तयारी वस्तु भनिन्छ ।

मौज्दातमा रहेको "तयारी वस्तु" भन्नाले उद्योग प्रतिष्ठानले पूर्ण रुपमा तयार गरेको उत्पादित वस्तु तर बिक्री भइ नसकेकोलाई सम्झनु पदर्छ । यी वस्तुहरु पूर्णतः तयार भै सकेको हुँदा सिधै बजारमा लान सकिन्छ ।

माथि उल्लेखित मौज्दात अन्तर्गतका शिर्षकहरुमा नपरेका वस्तुहरु पनि यदि मौज्दातमा रहेका छन भने यसमा समावेश गर्नु पर्दछ ।

मौज्दातमा वस्तुहरुको सरोट (Posting) गर्दा पनि केही सीमाहरु आउँछन् जुन देहाय अनुसार प्रष्ट हुनु आवश्यक छ :

- अरुको स्वामित्वमा हस्तान्तरण भै सकेका तयारी वस्तुहरु पनि मौज्दातमा रहेको भएमा त्यस्तो वस्तुको रकम यहाँ उल्लेख गर्नुहुँदैन । ती वस्तुहरु बिक्री भै सकेको हुँदा "खण्ड ४" मा उत्पादन तथा बिक्री अर्न्तगत समावेश भईसकेको हुन्छ ।
- कुनै "क" भन्ने उद्योग प्रतिष्ठानको कोरामाल वा कच्चापदार्थ प्रयोग गरी "ख" भन्ने उद्योग प्रतिष्ठानले तयारी वस्तु उत्पादन गरी "क" लाई हस्तान्तरण गर्न बाँकी रहेको भएमा सो वस्तुको रकम "ख" भन्ने उद्योग प्रतिष्ठानको मौज्दात शिर्षकमा नराखी "क" भन्ने उद्योग प्रतिष्ठानको मौज्दातको सम्बन्धित महलमा राख्नुपर्दछ किनभने जुन उद्योग प्रतिष्ठानको कच्चापदार्थ हो सो बाट बनेको उत्पादित वस्तु पनि सोही प्रतिष्ठानको स्वामित्व कहलिन्छ ।

खण्ड ८ : अप्रत्यक्ष कर तथा शुल्क

उद्योग प्रतिष्ठानले तिरेका अप्रत्यक्ष करहरु यस शिर्षक अर्न्तगत पर्दछन्। ती करहरुलाई यस प्रकार वर्गीकरण गरिएको छ :

८.१. मूल्य अभिवृद्धि कर (भ्याट) :

उद्योग प्रतिष्ठानले आफ्नो उत्पादित वस्तु वा अन्य वस्तु बिक्री गर्दा सङ्कलन गरेको भ्याट रकम वा नेपाल सरकारलाई तिरेको भ्याट रकम यस अर्न्तगत पर्दछ। उद्योग प्रतिष्ठानले सन्दर्भ अवधिमा कति भ्याट रकम नेपाल सरकारलाई बुझाएको हो सो रकमलाई ८.१ को महल नं. १ मा र जम्मा कति भ्याट रकम सङ्कलन गरेको हो सो रकमलाई ८.१ को महल नं. २ मा उल्लेख गर्नु पर्दछ।

८.२. अन्तःशुल्क :

उद्योग प्रतिष्ठानबाट उत्पादन हुने कतिपय वस्तुहरुको उत्पादनको क्रममा लाग्ने अन्तःशुल्कको नेपाल सरकारले व्यवस्थापिका संसदबाट स्वीकृत गराएर आर्थिक ऐनमा निर्धारण गरेको हुन्छ। यस्तो अन्तःशुल्क वापत सन्दर्भ अवधिमा भुक्तानी गरेको वार्षिक रकम यस अन्तर्गत लेख्नु पर्दछ।

८.३. स्थानीय कर

उद्योग प्रतिष्ठानले सन्दर्भ अवधिमा स्थानीय निकाय वा संघ संस्था वा समितिहरूलाई प्रचलित नियम कानुन बमोजिम तिरेको वा बुझाएको कर तथा शुल्कहरूको वार्षिक रकम यहाँ लेख्नु पर्दछ।

८.४. रजिष्ट्रेशन तथा नवीकरण शुल्क

उद्योग प्रतिष्ठानले प्रचलित कानून बमोजिम तिरेको रजिष्ट्रेशन तथा नवीकरण शुल्क वापतको वार्षिक रकम यहाँ लेख्नु पर्दछ।

८.५ उद्योग प्रतिष्ठानले तिरेको अन्य कर तथा शुल्कहरु

भ्याट, अन्तःशुल्क, स्थानीय कर, रजिष्ट्रेशन शुल्क तथा नवीकरण शुल्क बाहेक अन्य कुनै अप्रत्यक्ष कर वापत यदि उद्योग प्रतिष्ठानले कुनै रकम भुक्तानी गरेको भएमा त्यस्तो रकमलाई यस महलमा उल्लेख गर्नु पर्दछ।

खण्ड ९ : ऋण कारोवार

उद्योग प्रतिष्ठानले सन्दर्भ अवधिमा उद्योगको नाममा ऋण लिएको थियो ? यदि थियो भने, कति रकम बराबरको ऋण लिएको थियो ? (सन्दर्भ अवधि अगावै ऋण लिएको रहेछ भने) सन्दर्भ अवधिमा उद्योग प्रतिष्ठानले साँवा वा व्याज तिरेको थियो ? (यदि साँवा वा ब्याज तिरेको रहेछ भने) तिरेको रकम कति हो ? बताउनुहोस् ।

यदि उद्योगले आफ्नै (उद्योग स्वयंको नाममा) ऋण लिएको भए मात्र यस खण्डमा ऋण वा व्याजको रकम समावेश गर्नुपर्दछ । उद्यमीको नाउँमा भएको ऋण यस खण्डमा पर्दैन । त्यस्तो ऋण घरायसी प्रयोजनको साथै उद्योग सञ्चालनमा समेत खर्च भएको छ भने पनी उद्यमीको नाउँमा लिएको ऋण यस खण्डमा उल्लेख गर्नु पर्दैन ।

उद्योग प्रतिष्ठानले सन्दर्भ अवधि भन्दा अगावै लिएको ऋण छ भने त्यो रकमलाई ९.१ मा लेख्नुहुँदैन । तर त्यस्तो ऋणको व्याज वा साँवा यदि सन्दर्भ अवधिमा तिरको रहेछ भने त्यस्तो रकमलाई ९.२ र ९.३ मा समावेश गर्नु पर्दछ ।

खण्ड १० : उद्योग प्रतिष्ठानको सञ्चालन खर्च

उद्योग प्रतिष्ठानको उत्पादनसँग प्रत्यक्ष सम्बन्ध नरहने तर उद्योग प्रतिष्ठानहरुलाई आवश्यक पर्ने अन्य सेवामूलक क्रियाकलापहरुमा भए गरेका खर्चहरु यसअर्न्तगत पर्दछन् । त्यस्ता सेवा वापत गरेका खर्चहरुलाई देहाय बमोजिम वर्गिकरण गरि भर्नु पर्दछ ।

१०.०१. घर गोदाम तथा उपकरणहरू भाडामा लिए वापत तिरेको रकम :

कुनै उद्योग प्रतिष्ठानले कुनै अन्य व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको घर, गोदाम तथा उपकरणहरु भाडामा लिई चलाएको रहेछ भने सो वापत बार्षिक भुक्तानी गरेको रकम यस महलमा उल्लेख गर्नु पर्दछ ।

१०.०२. जमिन भाडामा लिए वापत तिरेको रकम :

कुनै उद्योग प्रतिष्ठानले कुनै अन्य व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको जमिन भाडामा लिई चलाएको रहेछ भने सो वापत भुक्तानी गरेको रकम यस महलमा उल्लेख गर्नु पर्दछ ।

१०.०३. यातायातको साधन भाडामा लिए वापत तिरेका रकम : कुनै उद्योग प्रतिष्ठानले कुनै अन्य उद्योग, संस्था वा व्यक्तिको स्वामित्वमा रहेको यातायातका साधन भाडामा लिई चलाएको भएमा सो वापत तिरेको रकम यस महलमा लेख्नु पर्दछ । तर कच्चा पदार्थ र उत्पादित बस्तु ढुवानी गर्दा लागेको भाडा खरिद मुल्य र बिक्री मुल्यमा समावेस भएको भए उक्त भाडा यस अन्तर्गत पर्दैन ।

१०.०४. उत्पादित वस्तुहरूको ढुवानी खर्च :

उत्पादित वस्तु उत्पादन स्थल देखि भण्डार वा गोदाम रहेको स्थलसम्म ल्याउँदा वा उत्पादित वस्तु निर्धारित स्थानसम्म ढुवानी वापत लागेको रकम यस अन्तर्गत समावेश गर्नुपर्दछ । तर वस्तु ढुवानी गर्दा उद्योगले आफ्नै यातायात साधन प्रयोग गरेको रहेछ भने त्यस्तो खर्च यस महलमा समावेश हुँदैन ।

१०.०५. निर्जिवन विमा/प्रिमियम (स्थायी सम्पतिहरुको) :

उद्योग प्रतिष्ठानले वस्तुहरुको उत्पादन र यसको वितरण पक्षसँग सम्बन्धित जुनसुकै शिर्षकअन्तर्गत विमा शुल्क भुक्तानी गरेको रहेछ भने त्यस्तो रकम यस महलमा लेख्नुपर्दछ । तर कर्मचारीको बिमाको रकम यहाँ उल्लेख गर्नुहुँदैन त्यस्तो रकम रोजगार सम्बन्धी विवरणको सुबिधा अर्न्तगत पर्दछ ।

१०.०६. प्याकिङ्ग मटेरियल खरिद वापतको खर्च :

उद्योग प्रतिष्ठानले उत्पादन गरेका तयारी वस्तुहरूलाई झोला, बोरा, कार्टुन आदिमा हालेर बिक्री गर्ने गर्दछन । ती झोला, बोरा, कार्टुन आदि प्याकिङ्ग मटेरियल खरिद गर्दा लागेको खर्च यस महलमा लेख्नु पर्दछ । त्यस्ता प्याकिङ्ग मटेरियलहरूलाई कच्चामालको रूपमा खण्ड ३ अन्तर्गत समावेश गर्नु हुँदैन ।

१०.०७. हुलाक, टेलिफोन, टेलिग्राम, टेलेक्स, ईमेल, इन्टरनेट खर्च, आदि :

उद्योग प्रतिष्ठानले आफ्नो कार्यको सिलसिलामा भुक्तानी गरेको संचार सम्पर्क अन्तर्गत खर्च (जस्तै हुलाक, टेलिफोन, टेलेक्स, ईमेल, इन्टरनेट खर्च, आदि) यस महलमा लेख्नु पर्दछ ।

१०.०८. छपाई एवं स्टेशनरी खर्च :

यसअन्तर्गत उद्योग प्रतिष्ठानले सन्दर्भवर्ष भित्र भुक्तानी गरेको छपाई खर्चहरु (जस्तै विल, भौचर, आदि स्टेशनरी सामानहरु खरिद गर्दा भुक्तानी गरिएको खर्चहरु) पर्दछन् ।

१०.०९. सल्लाहकार तथा लेखा परीक्षण वापतको खर्च :

उद्योग प्रतिष्ठानले आफ्नो उद्योगसँग सम्बन्धित कुनै प्रकारको कानूनी, प्राविधिक, आदि सल्लाह लिए वापत दिइएको भुक्तानी रकम तथा लेखापरिक्षण गराए वापत तिरेको रकम यस महल अन्तर्गत समावेश गर्नु पर्दछ ।

१०.१०. एजेण्टलाई दिएको कमिसन :

यदि कुनै उद्योग प्रतिष्ठानले आफ्नो उत्पादन बिक्री वितरण गर्नको लागि एजेण्ट नियुक्त गरेको रहेछ भने त्यस्ता एजेण्टहरुलाई दिएको कुल कमिसन र व्यापार प्रवर्द्धनको सिलसिलामा सम्वद्ध व्यक्तिलाई व्यापार सहुलियत प्रदान गरेको रहेछ भने सो वापत हुने रकम पनि एक मुष्ट रुपमा यस महलमा उल्लेख गर्नु पर्दछ ।

१०.११. प्रचारप्रसार तथा अन्य बिक्री प्रवर्द्धन गर्ने खर्चहरू :

उद्योग प्रतिष्ठानले आफ्नो उत्पादित वस्तुहरुको बिक्री प्रवर्द्धनको लागि रेडियो, टेलिभिजन, पत्र पत्रिका, आदिबाट विज्ञापन गराए वापत भुक्तानी दिएको रकमहरु यसमा उल्लेख गर्नु पर्दछ ।

१०.१२. रोयल्टी तिरेको रकम :

उद्योग प्रतिष्ठानले कुनै पनि अख्तियारवालाको लोगो वा ट्रेडमार्क, फर्मुला, लाईसेन्स, आदि प्रयोग गरे वापत तिरेको रकम र राष्ट्रिय सम्पत्ति जस्तै खानी, नदी (वालुवा, ढुङ्गा), आदि प्रयोग गरे वापत तिरेको रोयल्टी रकम यस महलमा उल्लेख गर्नु पर्दछ ।

१०.१३. भ्रमण खर्च :

उद्योग प्रतिष्ठानको नियमित कामको सिलसिलामा उद्योग प्रतिष्ठानको कर्मचारी वा अन्य कुनै व्यक्तिलाई भ्रमणमा पठाउँदा भुक्तानी दिइएको रकमलाई यस महलमा समावेश गर्नु पर्दछ ।

१०.१४. सामान्य मर्मत खर्च :

सन्दर्भबर्ष भित्र उद्योग प्रतिष्ठानले आफ्नो भवन, मेशिनरी सामान तथा अन्य उपकरणहरू अरूलाई मर्मत गराए वापत तिरेको जम्मा रकम यस महलमा उल्लेख गर्नु पर्दछ । तर स्थायी सम्पतिको पूँजीगत मर्मत गरेको रकम यहाँ उल्लेख गर्नु हुदैन ।

१०.१५. दान तथा चन्दा दिएको :

उद्योग प्रतिष्ठानले दिएको दान तथा तिरेको चन्दा बापतको रकमलाई यहा समावेस गर्नु पर्दछ ।

१०.१६. अन्य खर्च :

माथि उल्लेख गएिका शिर्षक अन्तर्गत १०.०१ देखि १०.१५ भित्र नपरेका अन्य उद्योग सञ्चालन गर्दा लागेका खर्चहरु यसमा समावेश गर्नु पर्दछ । जस्तै अतिथी सत्कार, उपहार, पुरस्कार, आदि । पिउने पानी खरिद वापतको खर्च पनि सञ्चालन खर्च नै हो । त्यसैले पिउने पानी खरिद वापतको खर्च पनि यहाँ अन्य खर्चमा समावेश गर्नु पर्दछ ।

खण्ड ११ : अन्य प्राप्त रकम

११.१. घर, गोदाम तथा उपकरणहरू भाडामा दिए वापत प्राप्त रकम :

यदि कुनै उद्योग प्रतिष्ठानले आफ्नो स्वामित्वमा रहेको घर, गोदाम, जग्गा तथा उपकरणहरु भाडामा दिएको रहेछ भने सो वापत प्राप्त रकम यस महलमा लेख्नु पर्दछ ।

११.२. जमिन भाडामा दिए वापत प्राप्त रकम :

उद्योग प्रतिष्ठानको स्वामित्वमा रहेको जमिन अन्य कुनै व्यक्ति, संस्था वा उद्योग प्रतिष्ठानले भाडामा लिएको रहेछ सो दिए वापत प्राप्त गरेको आम्दानीलाई यसमा उल्लेख गर्नु पर्दछ ।

११.३. यातायातको साधन अरूलाई प्रयोग गर्न दिएर भाडा वापत प्राप्त रकम :

यदि कुनै उद्योग प्रतिष्ठानले आफुसँग रहेको यातायातका साधन अन्य व्यक्ति वा उद्योगलाई भाडाको शर्तमा प्रयोग गर्न दिएको रहेछ भने सोबाट प्राप्त रकम यस महलमा लेख्नु पर्दछ ।

११.४. एजेन्सी कमिशनबाट प्राप्त रकम :

यदि कुनै उद्योग प्रतिष्ठान कुनै व्यक्ति वा अन्य उद्योग प्रतिष्ठानको एजेण्ट भई काम गर्दो रहेछ भने त्यस्तो कार्यबाट प्राप्त कमिशन रकम यस महलमा लेख्नु पर्दछ ।

११.५. सन्दर्भ अवधि भरिमा प्राप्त आर्थिक अनुदान :

यदि कुनै उद्योग प्रतिष्ठानले सन्दर्भ अवधि भित्र कुनै प्रकारका आर्थिक अनुदान प्राप्त गरेको रहेछ भने वर्ष भरिमा प्राप्त गरेको त्यस्तो आर्थिक अनुदान जोडी यस महलमा उल्लेख गर्नु पर्दछ ।

११.६. सन्दर्भ अवधि भरिमा निर्यातमा छुट भएको रकम :

यदि कुनै उद्योग प्रतिष्ठानले कच्चापदार्थ, अर्धतयारी र तयारी वस्तु निर्यात गर्ने क्रममा नेपाल सरकारबाट कुनै पनि प्रकारको छुट भएको रहेछ भने त्यस्तो छुटबाट प्राप्त रकम यस महलमा लेख्नु पर्दछ ।

खण्ड १२ : उत्पादन क्षमताको उपयोग

यस खण्डमा दुई वटा प्रश्नहरू सोधिएका छन् ।

१२.१. उद्योग प्रतिष्ठानको उत्पादन क्षमता कति हो ?

उद्योग प्रतिष्ठानको उत्पादन क्षमता भन्नाले आफूसँग भईरहेको मेशीन तथा उपकरणहरुको अधिकतम उपयोग गर्दा उत्पादन गर्न सकिने प्रमुख उत्पादित वस्तुको परिमाण बुझ्नुपर्दछ ।

यस प्रश्नले खोजेको उत्तर वास्तमा – " सामान्य अवस्थामा (In the normal industrial environment) उद्योग प्रतिष्ठानले एक कार्यदिनमा औषत कति परिमाणमा प्रमुख उत्पादित वस्तुको उत्पादन गर्न सक्दछ र सो उद्योगसँग रहेको मेशिन र मानिसको क्षमताको संयुक्तरूपले हिसाब गर्दा वार्षिक कति परिमाणमा उत्पादन गर्न सक्दछ ?" - यो प्रश्नको हो । यसमा प्रमुख उत्पादित वस्तुको वार्षिक उत्पादन हुन सक्ने परिमाण लेख्नु पर्दछ ।

१२.२. उद्योग प्रतिष्ठानले सन्दर्भ अवधिमा आफ्नो उत्पादन क्षमताको कति प्रतिशत उपयोग गरेको थियो ?

२० प्रतिशतभन्दा कम १

२० - ३९ प्रतिशत २

४० - ५९ प्रतिशत.....३

६० - ७९ प्रतिशत.....४

८० प्रतिशत वा सो भन्दा माथि.....५

यो प्रश्नलाई माथि लेखिएको ढाँचामा सोध्दा यदि उत्तरदातालाई सोध्दा यदि जवाफ तुरून्तै आएमा सोहि उत्तर लेख्ने हो । तर यदि उत्तर नआएमा खण्ड ४ पल्टाएर प्रमुख उत्पादित वस्तुको वार्षिक उत्पादन परिमाणको प्रश्न नं. १२.१.को उत्तरमा लेखिएको परिमाणसँगको प्रतिशत निकालेर उत्तरदातालाई रूजु गराइ निजको मन्जुर गराएर लेख्नु पर्दछ ।

उद्योग प्रतिष्ठानको उत्पादन क्षमताको उपयोग कति प्रतिशतसम्म भएको छ सोही प्रतिशतले संकेत गर्ने कोड दिइएको कोष्ठमा लेख्नु पर्दछ ।

खण्ड १३ : स्थायी सम्पत्तिको विवरण

"स्थायी सम्पत्ति" भन्नाले बिक्री गरी फाइदा उठाउने उद्देश्य नलिई केवल उद्योग प्रतिष्ठानको उत्पादन, बिक्री वितरण तथा तत्सम्बन्धी अन्य कार्य चलाउन जोड जम्मा गरिएका एक वर्षभन्दा बढी खप्ने भौतिक वस्तुहरुलाई जनाउँछ। स्थायी सम्पत्तिको खरिद रकम लेख्दा उक्त सम्पत्ति उद्योग प्रतिष्ठानसम्म ल्याई जडान गर्दा लागेको खर्च र कर महशुल आदि लागेकोमा सो समेत समावेश गरी एकमुष्ट खुलाउनु पर्दछ। स्थायी सम्पत्तिलाई देहाय बमोजिम ९ प्रकारमा वर्गिकरण गरिएको छ।

क) जमिन

कुनै पनि उद्योग प्रतिष्ठान एक निश्चित कम्पाउण्ड भित्र स्थापना भई सञ्चालनमा आएको हुन्छ। उत्पादनको सिलसिलामा कम्पाउण्ड भित्र बनेका घर, गोदाम, भोजनालय, प्रशासनिक कार्यालय, आदिले ओगटेको जमिनबाहेक अन्य बाँकी रहेको जमिनको मूल्य यस शिर्षक अन्तर्गत राख्नु पर्दछ। यदि कुनै उद्योगले जमिन भाडामा लिई सञ्चालन गरेको रहेछ भने उक्त जमिन भने यस अन्तर्गत पर्दैन। कच्चापदार्थ उत्पादन गर्न प्रयोग गरिएको जमिनलाई यस उद्योग प्रतिष्ठानको स्वामित्वमा रहेको भए पनि यसमा समावेश गर्नु हुँदैन।

(ख) भवन तथा अन्य निर्माण

यस अन्तर्गत उद्योग प्रतिष्ठानको उत्पादन कार्यको लागि प्रयोग भई रहेका भवनहरु (गोदाम घर, कार्यालय भवन, कारखानाको भवन, भण्डार, विश्राम घर, कर्मचारी आवासिय घर, आदि) र निर्माण भई रहेको भवनलाई समेत समावेश गर्नुपर्दछ। तर यसरी उल्लिखित भवन र निर्माण उद्योग प्रतिष्ठानको परिसर भित्र रहन आवश्यक छ। उद्योग प्रतिष्ठानले भाडामा वा बन्धकमा लिई राखेको भए त्यस्ता भवन यहाँ समावेश गर्नु हुँदैन।

उदाहरणको लागि कुनै (लुगा सिलाउने, गहना बनाउने, फर्निचर बनाउने आदि) उद्योगले अन्य कसैको घरको सटर, कोठाहरू भाडामा लिई उद्योग सञ्चालन गरेको भए उक्त भवन उद्योगको स्थायी सम्पति अन्तर्गत पर्दैन तर आफ्नै घरको सटर, कोठाहरूमा उद्योग सञ्चालन गरेको भए स्थायी सम्पति अन्तर्गत पुरै घरको मुल्याङ्कन गरी उल्लेख गर्नु पर्दछ र त्यो घरमा अरू कोही भाडा तिरेर बसेका रहेछन भने त्यो भाडा वापत उद्यमीले प्राप्त गरेको रकमलाई अन्य प्राप्त रकमको खण्ड ११ को ११.१ मा लेख्नु पर्दछ। भवनहरुको मूल्याङ्कन गर्दा भवनहरु र भवनहरु खडा रहेको जमिनको समेत मूल्याङ्कन गर्नु पर्छ।

(ग) मेशीनरी तथा उपकरणहरु

उत्पादन कार्यको लागि प्रयोग हुने उद्योग प्रतिष्ठानको स्वामित्वमा रहेका सबै किसिमका मेशीन, पार्टपूर्जा र मर्मत सम्भार गर्दा प्रयोग गरिने उपकरण यस शिर्षक अन्तर्गत पर्दछन्। उदाहरणको निमित्त सिलाई मेशिन, काठ चिर्ने मेशिन अन्य यन्त्रहरु, विद्युत मोटर, जेनेरेटर, आदि जस्ता सामानहरु यसमा समावेश गर्नुपर्दछ। तर भाडामा ल्याएका मेशीनरीका सामानहरु यसअन्तर्गत समावेश गर्नु हुँदैन।

(घ) कम्प्युटर र सफ्टवेयर

उत्पादन कार्यको लागि प्रयोग हुने उद्योग प्रतिष्ठानको स्वामित्वमा रहेका कम्प्युटर र सफ्टवयरका सामानहरु यस शिर्षक अन्तर्गत पर्दछन् ।

(ङ) यातायातका साधनहरु

उद्योग प्रतिष्ठानको स्वामित्वमा रहेका सबै आवागमन तथा ढुवानी साधनहरुलाई यातायातका साधन सम्झनुपर्दछ । जस्तैः ट्रक, मोटरसाइकल, साईकल, रिक्सा, गाडा, आदि । तर भाडामा लिई राखेका यातायातका साधनहरु यसमा समावेश गर्नु हुँदैन ।

(च) फर्निचर

यसअन्तर्गत उद्योग प्रतिष्ठानको उत्पादन र प्रशासनिक कार्यमा प्रयोग भई रहेका फर्निचर, कुर्सी, टेबुल, दराज, आदि पर्दछन् ।

(छ) अन्य

यस अन्तर्गत माथि उल्लेख नभएका अन्य स्थायी सम्पत्तिहरुको रकम एकमुष्ट रुपमा खुलाउनुपर्दछ । जस्तै मूल्यवान वस्तुहरु (Valuables), उद्योगका कोठामा सजावटका लागि राखिएका बहुमूल्य तस्वीरहरु, जमिनका लगाइएका रुखहरु, आदि ।

माथि उल्लेखित स्थायी सम्पत्तिको विवरण प्रश्नावलीका देहाय बमोजिमका सम्बन्धित लहरमा उल्लेख गर्नु पर्दछ :

१३.१. सन्दर्भ अवधिको शुरूमा रहेको स्थायी सम्पत्ति

सन्दर्भ अवधिको शुरुमा उद्योग प्रतिष्ठानमा रहेको माथि उल्लिखित स्थायी सम्पत्ति (जमिन, भवन तथा अन्य निर्माण, मेशिन तथ अन्य उपकरणहरू, कम्प्युटर र सफ्टवेयर, यातायातका साधनहरू, फर्निचर तथा अन्य)को लागत सम्बन्धित महलमा लेख्नुपर्दछ । जस्तैः जमिनको सन्दर्भवर्षको शुरुको लागत मूल्य १३.१. को महल ३ मा उल्लेख गर्नुपर्दछ । यस्तै भवन तथा अन्य निर्माणहरू को लागत मूल्य १३.१को महल ४ मा लेख्नु पर्दछ ।

१३.२. सन्दर्भ अवधिमा थप गरिएको सम्पत्तिको लागत

माथि उल्लिखित स्थायी सम्पत्तिमा सन्दर्भ अवधि भित्र नयाँ थप गरिएको भएमा वा सन्दर्भ अवधि भित्र प्रयोग भईरहेको स्थायी सम्पत्तिमा यदि कुनै स्थायी सम्पत्ति खरिद गरिएको भए सो थप सम्पत्तिको लागत रकम १३.२.को सम्बन्धित महलमा लेख्नु पर्दछ । यदि कुनै उद्योग प्रतिष्ठानले सन्दर्भ अवधिमा आफ्नो भवनको तला थप गरेको भए उक्त तला थप गर्दा लागेको लागत रकम १३.२ को महल ४ मा उल्लेख गर्नु पर्दछ ।

१३.३. सन्दर्भ अवधिमा पूँजीगत मर्मत सम्भार गर्दाको लागत :

भई रहेको विभिन्न स्थायी सम्पत्तिहरुमा प्रमुख सुधार, मर्मत सम्भार र जिर्णोद्धार अरुबाट गराउँदा लागेको लागत १३.३. को सम्बन्धित महलमा लेख्नु पर्दछ । सामान्यतः "पूँजीगत मर्मत सम्भार" भन्नाले स्थायी सम्पत्ति भित्र पर्ने साधनहरुको आयु बढाउने मर्मतलाई बुझ्नु पर्दछ ।

१३.४. आफ्नै प्रयोगको लागि आफ्नै श्रमशक्तिबाट सन्दर्भ अवधिमा उत्पादित स्थायी सम्पत्तिको रकम :

उद्योग प्रतिष्ठानले आफ्नो प्रयोगको निम्ति भई रहेको स्थायी सम्पत्तिमा आफ्नो श्रमशक्ति लगाई मर्मत सम्भार र जिर्णोद्धार गरेका हुन्छन । त्यही काम अन्य कसैवाट गराउँदा लाग्ने अनुमानित रकम १३.४. को सम्बन्धित महलमा लेख्नु पर्दछ ।

१३.५. सन्दर्भ अवधिमा स्थायी सम्पत्तिको बिक्रीबाट प्राप्त रकम :

स्थायी सम्पत्तिको विवरणमा परिभाषित गरिए अनुसारको कुनै स्थायी सम्पत्तिको बिक्रीबाट प्राप्त रकम सम्बन्धित महलमा लेख्नुपर्दछ । यस प्रकारको रकम खुलाउँदा उद्योग प्रतिष्ठानले खुद प्राप्त गरेको रकमलाई लिनु पर्दछ ।

१३.६. सन्दर्भ अवधिमा दैवी प्रकोप तथा अन्य कारणबाट स्थायी सम्पत्तिको क्षति :

दैवी प्रकोपबाट तथा अन्य कारणबाट माथि उल्लिखित कुनै पनि स्थायी सम्पत्तिको क्षति हुन गएमा सो क्षति बराबरको मूल्य यस शिर्षक अन्तर्गतको सम्बन्धित महलमा उल्लेख गर्नु पर्दछ ।

१३.७. सन्दर्भ अवधिमा भैरहेको पूँजीगत कार्य प्रगतीको लागत

सन्दर्भ अवधिमा नयाँ निर्माण कार्य भै रहेको तर सम्पन्न भै नसकेको जस्तै यदि भवन निर्माण भैरहेको छ वा कम्पाउण्ड वाल निर्माण भैरहेको छ वा कुनै नयाँ मेशिन स्थापित गर्ने काम भैरहेको छ तर पुरै निर्माण वा स्थापनाको कार्य सम्पन्न भएको छैन भने सन्दर्भ वर्षको अन्त सम्ममा सम्पादित कार्यको मूल्यांकन गरी यस शिर्षक अन्तर्गतको सम्बन्धित महलमा उल्लेख गर्नु पर्दछ ।

खण्ड १४ : वातावरण सम्बन्धी विवरण

आजको वैज्ञानिक युगमा गुणस्तरीय जीवन यापन गर्नको लागि आर्थिक विकासका साथसाथै भौतिक विकास तिब्र गतिले भैरहेको छ। यस भौतिक विकासकै कारणले विश्वव्यापी रुपमा वातावरणीय समस्याहरु देखा परेका छन् जस्तैः प्रदुषण (वायु, ध्वनी, माटो, जल) हरितगृह प्रभाव, बन विनास, पृथ्वीको सतह विस्तारै तातिनु, आदि। यिनै वातावरणीय समस्याहरुले विश्वका सबै जीवहरुलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभावित पारिरहेका छन्।

विश्वका ठुलाठुला उद्योग कल-कारखानाबाट निस्कने फोहरमैलाहरुले वातावरणलाई प्रचुर मात्रामा प्रदुषण गरिरहेका छन्। साथै वातावरण संरक्षणको लागि विभिन्न सरकारी तथा गैरसरकारी क्षेत्रवाट विभिन्न किसिमका प्रयासहरु पनि भई रहेका छन्। नेपालमा पनि उद्योग क्षेत्रवाट वातावरण संरक्षण तर्फ ध्यान आकृष्ट भई प्रदुषणलाई कम पार्न उद्योगहरु आफैँले विभिन्न किसिमका उपाय र सर्तकता अपनाउने गरेका छन्।

तसर्थ यो साना उद्योग सर्वेक्षणमा नेपालका साना उद्योग प्रतिष्ठानहरुले वातावरण संरक्षणको क्षेत्रमा सचेत भई के कस्ता योगदानहरु दिएका छन् भन्ने जानकारी प्राप्त गर्नको लागि वातावरणीय संरक्षण सम्वन्धमा केही आधारभुत जानकारी लिन खोजिएको छ।

१४.१. सन्दर्भ अवधिमा उद्योग प्रतिष्ठानमा वातावरण (ग्याँस/पानी/ध्वनी/धुँवा/धुलो, आदि) प्रदुषण नियन्त्रण उपकरण जडान गरिएको छ ?

ध्वनी र थरथरावट नियन्त्रण गर्ने यन्त्र वा पम्प, पानीमा मिश्रण भएको रसायन थिग्ग्राउने पोखरी, फोहर पानी निकास हुने ढल वा पोखरीको निर्माण, सेफ्टी ट्याङ्की निर्माण, प्रकाश पास हुने (Light Transparent) प्लाष्टिकका जस्ता पाता, अग्नि नियन्त्रक यन्त्र, प्रदुषित ग्याँस तथा गन्ध, धुवाँ, धुलो र बिकिरण पास हुने चिम्नी वा अन्य उपकरण, धुवाँ, धुलो र बिकिरण नियन्त्रण गर्ने उपकरण, पानीका फ्ोहराको निर्माण, आदि जस्ता साधनहरु जडान गरेको कार्यलाई वातावरण प्रदुषण नियन्त्रण कार्य भनिन्छ। सन्दर्भ अवधिमा कुनै उद्योग प्रतिष्ठानले वातावरण प्रदुषण नियन्त्रण गर्न नयाँ वा पुरानो माथि उल्लिखित कुनै पनि किसिमका उपकरणहरु खरिद गरेको वा विना मूल्यमा प्राप्त गरी जडान गरेको भए कोड १ लेख्नुपर्दछ र छैन भने कोड २ लेखी १४.३ सोध्नु पर्दछ।

१४.२. जडित उक्त वातावरण प्रदुषण नियन्त्रण यन्त्र/उपकरण जडान गर्दा कति खर्च लागेको थियो ?

सन्दर्भ अवधिमा जडान गरिएका वा गरिएको यन्त्र, उपकरण तथा साधनको खरिद मूल्य एवं ज्याला खर्चलाई यहाँ उल्लेख गर्नु पर्दछ। त्यसैगरी कुनै उद्योग प्रतिष्ठानले वातावरण प्रदुषण नियन्त्रण गर्न नयाँ वा पुरानो उपकरण वा विना मूल्यमा प्राप्त गरी जडान गरेको भए पनि जडान गर्दा लागेको जडान तथा ज्याला खर्च समेतलाई जनाउँदछ।

१४.३. सन्दर्भ अवधिमा यो उद्योग प्रतिष्ठानले वातावरण संरक्षण (प्रदुषण नियन्त्रण यन्त्र/उपकरण जडान बाहेक) मा कुल कति खर्च गऱ्यो ?

वातावरण संरक्षण भन्नाले उद्योग प्रतिष्ठानहरुको परिसरमा हावाको स्वच्छता तथा हरियाली कायम गर्न लगाएको बन, बगैंचा र त्यसको संरक्षणका लागि लगाएको पर्खाल, तार, जाली, भू-संरक्षणका लागि पहिरो नियन्त्रण

पर्खाल (ग्याविन) को निर्माण, फोहोर मैला (Solid waste and Hazardous waste) को व्यवस्थापन, धारा शौचालयको स्वच्छता कायम राख्न गरिएका कृयाकलाप, आदि जस्ता कार्यलाई वातावरण संरक्षण कार्य भनिन्छ ।

वातावरण संरक्षण कार्यमा गरिएको खर्चहरुलाई यहाँ उल्लेख गर्नु पर्दछ । विचार गनुपर्ने कुरा यो छ कि सरसफाईको काम प्रतिष्ठानका कर्मचारी बाहेक अन्य कसैलाई गराए वापत दिईएको भुक्तानी रकमलाई पनि यसै भित्र समावेश गर्नु पर्दछ । तर उद्योग प्रतिष्ठानका आफ्नै नियमित कामदारहरुले वातावरण संरक्षण कार्य गरे गराएको भए तिनिहरुलाई दिइएको तलव ज्याला रकमलाई यसमा समावेश गर्नु हुँदैन ।

त्यस्तै प्रतिष्ठान र त्यसको परिसर सरसफाईका लागि खरिद गरिएका साना तिना सामानहरु जस्तैः झाडु, फोहर राख्ने कन्टेनर, आदिको लागि खर्च भएको रकम पनि यसमा समावेश गर्नु पर्दछ ।

१४.४. सन्दर्भ अवधिमा यो उद्योग प्रतिष्ठानले खेर फालिएका धातु वा गैर धातु जन्य वस्तु (कागज, प्लाष्टिक, रबर, छाला, आदि) को प्रशोधन गरी पुनः प्रयोग (Recycling) गरेको छ ?

कुनै उद्योग प्रतिष्ठानले खेर फालिएका धातु वा गैर धातुका पुराना सामानहरु जस्तैः प्लाष्टिक, पोलिथिन, कपडा, ऊनका टुक्रा, कागज, सीसा, छाला वा सेन्थेटिक, आदि जस्ता वस्तुहरुको सङ्कलन तथा व्यवस्थापन गरी ती वस्तुहरुलाई कच्चापदार्थको रुपमा प्रयोग गरी नयाँ वस्तु निर्माण (Processing and Manufacturing) गर्ने कार्यलाई पुनः प्रयोग (Recycling) को कार्य भनिन्छ । सन्दर्भ अवधिमा कुनै उद्योग प्रतिष्ठानले धातु वा गैर धातुजन्य वस्तुको प्रशोधन गरी पुनः प्रयोग गरेको भए कोड १ लेख्नु पर्दछ र छैन भने कोड २ लेखी खण्ड १५ सोध्नु पर्दछ

१४.५. उक्त धातु वा गैर धातु जन्य वस्तुको प्रशोधन गरी पुनः प्रयोग (Recycling) मा कति खर्च भयो ?

सन्दर्भ अवधिमा खेर फालिएका धातु वा गैर धातु जन्य वस्तुको प्रशोधन गरी पुनः प्रयोग गरेको छ भन्ने त्यस्ता खेर फालिएका धातु वा गैर धातु जन्य वस्तुको प्रशोधन गरी पुनः प्रयोग गर्दा लागेको खर्च रकम यहाँ उल्लेख गर्नु पर्दछ ।

खण्ड १५ : उद्योग प्रतिष्ठानका मुख्य मुख्य समस्याहरू

उद्योग प्रतिष्ठानले कच्चापदार्थ खरिददेखि उत्पादित वस्तुको वजार व्यवस्थापनसम्म विभिन्न प्रकारका समस्याहरु महशुस गर्दै आएका हुन सक्दछन । प्रमुख समस्याहरु जस्तैः कच्चापदार्थको अभाव, वजारको अभाव, पुँजीको कमी, औद्योगिक नीतिको कारण सिर्जित समस्याहरू, तालिम प्राप्त दक्ष जनशक्तिको अभाव आदि मध्ये आफ्नो उद्योगले सन्दर्भ अवधिमा भोगेका मुख्य वा मुख्य समस्यामा प्राथमिकताक्रमानुसार (सबै भन्दा जटिल वा मुख्य समस्यालाई १, त्यसपछिको दोश्रो मुख्य समस्यालाई ३, तेश्रो मुख्य समस्यालाई ३, चौथो मुख्य समस्यालाई ४ र पाँचौ मुख्य समस्यालाई ५ संकेत दिनुहोस ।) क्रमशः १, २, ३,४, र ५ अङ्क लेख्नु पर्दछ । यदि यी समस्याहरु भन्दा बाहेकको मुख्य कुनै अन्य समस्या भए १५.८ मा छोटकरीमा प्रष्ट हुने गरी समस्याको शिर्षक वा व्यहोरा लेखेर दाँयातर्फको कोष्ठमा उक्त समस्याको मुख्यक्रम खुलाउनु पर्दछ । यदि उद्योग प्रतिष्ठानले सन्दर्भ अवधिमा कुनै पनि समस्या भोगेको रहेनछ भने १५.९ मा ९ अङ्क उल्लेख गर्नु पर्दछ र अन्य कोष्ठ खाली छोड्नु पर्दछ ।

यस प्रश्नको जवाफको प्राथमिकता क्रमानुसारको कोड दिए पछि सो समस्याको कारणले गर्दा सन्दर्भ अवधिमा उद्योग प्रतिष्ठानले के कठिनाई भोगेको थियो स्पष्ट पार्नको लागि उत्तरदातालाई अनुरोध गरेर स्पष्टिकरण स्वरूप २–४ वटा वाक्यहरू लेख्नुपर्नेछ । यस्ता वाक्यहरू समस्याको शिर्षकको सिधा र अर्को समस्याको शिर्षक भन्दा माथि बुझिने गरी लेख्नु पर्दछ ।

भरिएको फाराम जाँच गर्दा ध्यान पुऱ्याउनु पर्ने महत्वपूर्ण कुराहरू

प्रश्नावली भर्दा वा प्रतिष्ठानले आफैँ भरेको फाराम बुझ्दा वा सुपरिवेक्षकले सुपरिवेक्षणको क्रममा निम्न कुराहरूमा ध्यान पुऱ्याउनु पर्दछ :

- प्रश्नावलीको बाहिरी पानामा जिल्लाको कोड, फारामको नम्बर र एन.एस.आई.सी ठिक छ, छैन, एकपटक रूजु गर्नुहोस् । फारामको नम्बर ५ अंकको छ । यो नम्बर विभागले पठाएको sample list को दोस्रो लहरमा "फाराम नम्बर" शिर्षक अन्तर्गत लेखिएको छ ।
- प्रश्नावलीमा सोधिएका प्रश्नहरुको उत्तर सम्बन्धित ठाउँमा नेपाली भाषामा स्पष्टसँग लेख्नु पर्दछ । अंक लेख्ने ठाउँमा पनि नेपाली अंक लेख्नुपर्दछ । अंग्रेजीमा लेख्नु भनिएको स्थानमा capital letter मा लेख्नुपर्दछ । कोड लेख्नुपर्ने कोठाहरूमा नेपाली अंकमा एउटा कोठामा एउटा मात्र अंक लेख्नु पर्दछ ।
- प्रश्नावली भर्दा कुनै पनि कोठा खाली छाड्नु हुँदैन । उद्योग प्रतिष्ठानसँग असम्बन्धित वा अनुपयुक्त भएका प्रश्नको उत्तर भाषामा लेख्नु पर्ने ठाउँमा यस्तो "X" र अंकमा लेख्नुपर्ने ठाँउमा कुनै मूल्य, परिमाण या संख्या शून्य भएमा यस्तो "0" चिन्ह लगाउनु पर्छ । यसरी "X" वा "0" नलेखिएको फेला परेमा सुपरिवेक्षकले लेख्न लगाउनु पर्दछ ।
- उद्योग प्रतिष्ठानको परिचयात्मक विवरणमा उद्योग प्रतिष्ठानको नाम लेख्दा नेपाली तथा अंग्रेजी दुबै भाषामा अनिवार्यरुपले लेख्नु पर्दछ ।
- एकाई उल्लेख गर्नुपरेमा मेट्रिक प्रणाली (किलोग्राम, मिटर, लिटर, आदि) को प्रयोग गर्नुपर्दछ । गोटा वा थानमा लेखिएको एकाईमा प्रति गोटा वा थानमा कति के.जि. वा लिटर वा मिटर हुन्छ सोधेरे स्पष्ट हुने गरी खुलाउनु पर्नेछ ।
- प्रश्नावलीमा भरिने रकमहरु उल्लेख गर्दा नेपाली रूपैया (रु.) मा उल्लेख गर्नुपर्दछ । पैसा लेख्नुपर्दैन । हजार रूपैयामा लेख्नु हँदैन । दशमलबको प्रयोग गर्नु हँदैन ।
- प्रश्नावलीमा भरिएका अङ्कहरुको जाँच गर्दा सन्दर्भ अवधिमा सम्बन्धित उद्योग प्रतिष्ठान जम्मा कति दिन सञ्चालन भएको थियो तदनुरुप उत्पादन र रोजगारीका अङ्कहरु मिल्दोजुल्दो छन् छैनन् जाँच गर्नु पर्दछ ।
- प्रश्नावलीको उपयुक्त ठाउँमा अङ्क लेख्नु अघि हिसाव गनुपरेमा प्रश्नावलीको पछाडीको कभरमा गर्नुपर्दछ वा छुट्टै सादा पानामा गर्नु पर्दछ ।
- उद्योग प्रतिष्ठानमा संलग्न नेपाली/विदेशी पुरुष तथा महिला कर्मचारीहरुको जोड १० भन्दा कम हुनुपर्दछ । तर कामको उच्च चाप भएको बखत र ठेक्कामा काम गर्ने कर्मचारी जोडेर १० भन्दा बढी हुन सक्छ ।
- प्रश्न नं.१.१ अन्तर्गतको तलबी कर्मचारीको कुनै कोठामा कर्मचारीको संख्या उल्लेख भएको छ भने प्रश्न नं.१.२ को सम्बन्धित कोठामा तलब वा अन्य सुविधाको रकम अनिवार्य लेखेको हुनु पर्दछ ।
- प्रश्न नं.१.४ मा १ कोड छ भने प्रश्न नं.१.५. मा कर्मचारीको संख्या र तलब तथा अन्य सुविधाको रकम अनिवार्य उल्लेख हुनु पर्दछ ।
- प्रश्न नं.२ को महल ७ मा सो प्रश्नको महल ५ र महल ६ गुणा गरी लेख्नुपर्दछ । यो गुणानफल मिले नमिलेको चेक गर्नु पर्दछ ।
- प्रश्न नं.२ को महल ९ मा सोही प्रश्नको महल ४ र महल ५ जोड गरी सो योगफलमा महल ८ मा उल्लेख भएको इन्धनको परिमाण घटाएर लेख्नु पर्दछ । यो योगफल र घटाएको परिमाण मिले नमिलेको चेक गर्नु पर्दछ ।

- प्रश्न नं.३ को महल ५ र महल ६ को जोड गरी सो योगफलमा सोही प्रश्नको महल ७ को परिमाण घटाएर महल ८ लेख्नु पर्दछ। यो जोड र घटाउ चेक गर्नु पर्दछ।
- यदि खण्ड ६ मा खरिद गरेको हालतमा बिक्री हुने वस्तु वापत वार्षिक खर्च शुन्य र वार्षिक बिक्री भएको वस्तु वापत आम्दानीमा केही रकम उल्लेख भएको रहेछ भने खरिद गरेको हालतमा बिक्री हुने वस्तुको सन्दर्भ अवधिको शुरुको मौज्दातमा रकम देखिन ुपर्दछ।
- यदि खण्ड ६ मा खरिद गरेको हालतमा बिक्री हुने वस्तु वापत वार्षिक खर्चभन्दा वार्षिक बिक्री रकम कम उल्लेख भएको रहेछ भने खरिद गरेको हालतमा बिक्री हुने त्यो वस्तुको सन्दर्भ अवधिको अन्त्यको मौज्दात परिमाण देखिनु पर्दछ।
- यदि खण्ड ६ मा खरिद गरेको हालतमा बिक्री हुने वस्तु वापत वार्षिक खर्च भन्दा वार्षिक बिक्री भएको वस्तु वापत आम्दानी निकै बढी उल्लेख भएको रहेछ भने खरिद गरेको हालतमा बिक्री हुने वस्तुको सन्दर्भ अवधिको शुरुको मौज्दातमा रकम उल्लेख भएको हुनुपर्दछ अन्यथा के कारणले त्यस्तो हुन गएको सम्बन्धित प्रतिष्ठानमा पुनः सोधीखोजी गर्नु पर्दछ।
- प्रत्येक कच्चापदार्थको वार्षिक खरिदको जम्मा परिमाण र रकम, स्वदेश, भारत र तेश्रो मुलुकको खरिदको परिमाण र रकमको जोडसँग मिल्नु पर्दछ।
- बाहिरी पानाको प्रश्न नं.१३ मा उल्लेख भएको प्रमुख उत्पादित वस्तु र खण्ड ३ अर्थात उत्पादन तथा बिक्री अर्न्तगत उल्लेख भएका वस्तुहरू अनिवार्य रूपले मिल्नु पर्दछ।
- यदि खण्ड ४ मा वार्षिक उत्पादित वस्तुको परिमाण भन्दा स्वदेश, भारत र तेस्रो मुलुकमा वार्षिक बिक्री भएको वस्तुको जम्मा परिमाणको जोड कम रहेको छ भने तयारी वस्तुको सन्दर्भ अवधिको अन्त्यको मौज्दातमा रकम देखिनु पर्दछ।
- यदि खण्ड ४ मा वार्षिक उत्पादित वस्तुको परिमाण भन्दा स्वदेश, भारत र तेश्रो मुलुकमा वार्षिक बिक्री भएको वस्तुको जम्मा परिमाणको जोड बढी रहेको छ भने तयारी वस्तुको सन्दर्भवर्षको शुरुको मौज्दातमा कम्तिमा त्यो बढी परिमाण देखिनु पर्दछ।
- यदि प्रश्न नं. १४.१ को कोष्ठमा १ कोड उल्लेख भएको छ भने प्रश्न नं. १४.२ को रकम उल्लेख हुनु पर्दछ।
- यदि प्रश्न नं. १४.४ को कोष्ठमा १ कोड उल्लेख भएको छ भने प्रश्न नं. १४.५ मा रकम उल्लेख भएको हुनैपर्दछ।

प्रश्नावलीको अन्तिम पटक रूजु गर्ने कार्य समाप्त भएपछि, उत्तरदाताको नाम र सहिछाप गराउनुहोस्।
भरिएको प्रश्नावलीको सम्बन्धमा अफिसमा पुगि सकेपछि कुनै सोधपुध गर्नुपर्ने अवस्था आउन सक्छ। त्यसैले, सोधपुछको लागि टेलिफोन वा इमेलमा सम्पर्क गर्न सकिने पदाधिकारीको नाम, ठेगाना र टेलिफोन वा मोबाइल नम्बर सोधर लेख्नुहोस्।

त्यसपछि, उत्तरदातालाई धन्यवाद ज्ञापन गरी विदा लिनुहोस।
भरी सकेको प्रश्नावलीमा, विवरण भर्ने व्यक्तिले "तथ्याङ्क संकलन गर्ने" स्थानको सिधा आफ्नो नाम लेखेर संकलन मिति र दस्तखत लेख्नुहोला।